Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २२, २०७९ साल पुस १२ गते मंगलबार (Dec 27, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# पुष्पकमल दाहाल बने तेस्रो पटक प्रधानमन्त्री

- मोहन कार्की

नेपालमा लिट्टे, गोन्जालो,के के नामले पुकारर्ने नाम हो पुष्पकमल दाहाल प्रचण्ड २०५२ सालवाट जनयुद्ध घोषणा भएसँगै युद्धको कमाण्ड गरेका कमाण्डर पुष्पकमल दाहाललाई जनयुद्धताका नै प्रचण्ड भन्ने नै छैन । त्यो काल्पानिक नाम हो भनेर कसैले ज्ञानेन्द्र शाह, कसैले विदेशी के के नाम दियर हल्ला गरेको सुनिन्थ्यो । जतिवेला नेपालका डाडा काडाहरुमा वम पड्कायर बारुद्धको धुवाले मनिसहरुको मुटु थर्कमान पार्दथ्यो भने आकाशमा उडेका चराहरु आताङकित हुन्थे तर यता मानिसहरुमा भने गाउँ गाउँमा गरिवीसँग जुदिरहेका गरिव, किशान,भरिया अभावग्रस्ता ग्रमिण क्षेत्रमा भने जनताको शासन आउन लागेछ । सामन्ति सत्ता विरुद्ध जनताका सिपाहीहरुले आक्रमण गरेछन् । जस्ता गफहरु गाउँबस्तीहरुमा सुनिन्थे । हो ति गरिवी अभाव र भुगोलले ठगिएका अव्यवस्थित वस्तीहरुमा मानिसरु परिवर्तन चाहान्थे । त्यही परिवर्तन होस भनेर नै होला जनताले माओवादी हरुलाई समर्थन गरेका देखिन्थ्यो । त्यही समर्थन गरकै कारण हजारौ जनताका छोराछोरीहरु युद्धका क्रममा धेरैले अनाहकमा ज्यान गुमाउन पुगेका थिए ।

यस्तो भयावह युद्ध झण्डै १० बर्ष नेपालमा चल्यो दैनिक हताहती नभएको दिन हुदैन थियो । मार्ने कि माओवादी हुन्थ्यो कि नेपाली सेना, प्रहरी हन्थ्यो समाचार रेडियोमा बज्थ्यो पत्रपत्रिकामा आउथ्यो । मर्ने नेपाली नै हुन्थे । माओवादीले सामन्ति सत्ताका भाडाका टट्टु भनेर सरकार मातहतका कर्मचरीहरुलाई भन्थे भने सरकार



पक्षले माओवादीलाई आताङकारी भन्थ्यो । तर माओवादीहरुले ग्रमिण इलाकाका जनतालाई जनताको शासन माओको सिद्धान्त सर्वहारावर्गको मुक्तिको लागि जनयुद्ध लडाई लडेको भनेर जनतालाई विश्वासमा लिएको थियो । तिनै जनताको विश्वासमा र जनताको सहयोगमा गाउँवस्तीमा माओवादी कार्यकर्ताहरु सुरक्षित थिय । माओवादीका नेताहरु काहा हुन्थे, कसरी बस्थे कसैलाई पत्तै हुदैनथ्यो ।

जव २०५८ सालमा पहिलोपटक नेकपा माओवादी र नेपाल सरकारको वार्ता भई शान्तिप्रक्रियामा आउने तयारी भयो त्यतिवेला काठमाडौमा माओवादीका चर्चित नेता डा.बाबुराम भट्टराई सहित ५ जना नेताले खुल्ला मञ्चमा सार्वजनिक हुदै भाषण समेत गरेका थिए । शहरका मान्छेले माओवादी भनेका जंगली जनावर हुन भन्ने भ्रम पाल्थे त्यो २०५८ सालमा खुल्ला मञ्चमा एसियाकै पढेलेखेका विद्धावान डा. बाबुराम भट्टराई जस्ता नेता पनि त्याहा देखेपछि माओवादी भनेका पनि मानिस नै रहेछन् भन्ने शहरियालाई परेको थियो ।

अनेक खालका धक्का र मुक्का बम बारुद्ध, गोली, घरेलु हत्तियार समेत प्रयोग गरेर सरकारलाई हायाल कायल बनाउदै देशमा अस्थिर राजनीति बनाई आफ्नो अनुकुलको राजनीति बनाउन सफल माओवादीले २०६२ साल मंसिर २ गते भारतमा सात दलीय गठबन्धन सहित १२ बुदे दिल्ली सम्झौता गरी शहरी जनआन्दोलमा साथ दिने निर्णयमा सही ठोकेको थियो । त्यही दिल्लीमा भएको हस्ताक्षरले शान्ति प्रक्रियामा फसेको माओवादी पार्टीसहितको आठ दलीय गठबन्धनले गरेको जन आन्दोलनको बलमा २०६२/६३ जनआन्दोलन सफल भएको थियो र नेपालमा राजनतन्त्रको अन्त्य भएको थियो । २०६२/६३ को अन्तरिम सरकारमा सहभागी भएको माओवादीले २०६४ साल चैतमा भएको संविधान सभामा सवैभन्दा ठुलो पार्टीको रुपमा जनमत प्राप्त गरेको थियो । त्यो लगतै पहिलोपटक २०६५ साल साउनमा प्रधानमन्त्री बनेका बाँकी ६ पृष्ठमा

## बरिष्ठ सौन्दर्यबिद सोनी कारंजितद्धारा मंजीना हेयर एण्ड मेकअप स्टूडियोको उद्‍घाटन

काठमाडौं । मन्जुको मंजीना हेयर एण्ड मेकअप स्टूडियो एकान्तकुनामा संचालन एकान्तकुनामा खुल्यो मंजीना हेयर एण्ड मेकअप स्टूडियो काठमाडौं सौन्दर्यकर्मी मन्जु श्रेष्ठद्वारा संचालनमा ल्याइएको ललितपुर एकान्तकुना खरिबोट स्थित मंजीना हेयर एण्ड मेकअप स्ट्रडियोको उद्धाटन एक भब्य कार्यक्रमबीच



प्रमुख अतिथि बरिष्ट सौन्दर्यबिद तथा समाजसेवी सोनी काररंजितद्वारा सम्पन्न भएको छ । उक्त अबसरमा सौन्दर्य कर्मीहरु, संचारकर्मी, सेवाग्राही तथा स्थानिय व्यक्तित्वहरुको समेत बाक्लो उपस्थिति रहेको थियो । युवा ब्यबसायी सौन्दर्यकर्मी मन्जु श्रेष्ठ द्वारा सञ्चालित मंजीना हेयर एण्ड मेकअप स्टूडियो उक्त क्षेत्रको अत्याधुनिक प्रबिधि मार्फत सौन्दर्य सम्बन्धि सम्पूर्ण सुबिधा सम्पन्न ब्यूटीपार्लर हो । बिगत ६ बर्ष देखि सौन्दर्य पेशामा रहेर सौन्दर्य क्षेत्रमा बटुलेको आफ्नो अनुभबलाइ आफ्नै ठाउँमा केहि गरौ भन्ने उदेश्यका साथ संचालन गरिएको मंजीना हेयर एण्ड बाँकी ६ पृष्ठमा

## नेपाल पत्रकार महासंघद्वारा सुर्खेत १५ बुँदे घोषणापत्र जारी

काठमाण्डौ । नेपाल पत्रकार महासङ्घको साधारणसभा १५ बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ । सुर्खेतमा सुरु भएको साधारण सभाले महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै सकिएको हो ।

**यस्तो छ सुर्खेत घोषणा २०७९**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा २०७९ पुस ८ र ९ गते सम्पन्न नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै यो घोषणा जारी गर्दछ ।

१. नेपाल पत्रकार महासंघले नेपाली पत्रकारहरुको हकहितको पक्षमा दृढतापूर्वक उभिंदै मुलुकमा लोकतन्त्र, विधिको शासन र नागरिक अधिकारका लागि पैरवी गर्दै आएको छ । नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरे पनि त्यसपछि गठन भएका तीनै तहका सरकार तथा राजनीतिक दलहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकलाई पूर्णतः कार्यान्वयनमा ल्याएका छैनन् । यसप्रति नेपाल पत्रकार महासंघको यो केन्द्रीय साधारणसभा गम्भीर चासो र चिन्ता व्यक्त गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न तीनै तहका सरकारलाई पुनः आग्रह गर्दछ । साथै, नागरिक अधिकार, प्रेस स्वतन्त्रता र सूचनाको हक सुनिश्चित गर्न पनि माग गर्दछ ।

२. इन्टरनेटका माध्यमको प्रयोग गरी प्रेस स्वतन्त्रता हननमा नयाँ चुनौतीहरू थपिएको सन्दर्भमा यो केन्द्रीय साधारणसभा आमपत्रकार हरुलाई सचेततापूर्वक 'डिजिटल' माध्यमको प्रयोग गर्न आग्रह गर्दछ । साथै, सम्वद्ध निकायहरुलाई 'डिजिटल' माध्यम मार्फत प्रेस स्वतन्त्रता हननका घटनामा संलग्नमाथि कानूनी कारबाहीका लागि जोडदार माग गर्दछ ।

३. मिडिया काउन्सिल, सूचना प्रविधि, सार्वजनिक सेवा प्रसारणसहितका विभिन्न सञ्चार कानूनहरू २०७४(२०७९ को संघीय संसदबाट निर्माण हुन नसक्नु दुःखद् विषय हो । साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकूल विद्यमान कानूनमा सुधारसमेत भएन । तसर्थ, यो केन्द्रीय साधारणसभा संविधान अनुसारका सञ्चार कानूनहरू तत्काल निर्माण गर्न र पुराना कानूनहरूमा सुधार ल्याउन सम्बद्ध पक्षसँग जोडदार माग गर्दछ ।


४. श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा तोकिएका सेवा सुविधाहरू अझैसम्म श्रमजीवी पत्रकारहरूले प्राप्त गर्न नसकेको यथार्थप्रति गहिरो चासो राख्दै यो साधारणसभा सो ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन तथा समसामयिक परिमार्जनसहित श्रम समस्या समाधानका लागि नेपाल सरकार र सम्वद्ध पक्षसँग माग गर्दछ । यसका साथै महासंघलाई ट्रेड यूनियन संस्थाका रुपमा सामूहिक सौदावाजीमार्फत श्रम अधिकार स्थापित गर्न निर्देश गर्दछ । यसका निम्ति श्रमजीवी पत्रकारका पक्षमा गर्दै आएको दबाबमूलक कार्यक्रम तथा कानूनी उपचारलाई अझ सशक्त बनाउन यो साधारणसभा नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई निर्देश गर्दछ ।

५. साना लगानीमा सञ्चालित स्वरोजगारमूलक तथा विभिन्न मातृभाषाका सञ्चार माध्यमको दीगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि हाल सरकारले बाँकी ६ पृष्ठमा

## निर्वाचनको जरिवाना मिनाहा गर्न गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नगरपालिका संघको गृह मन्त्रालयलाई पत्र

काठमाडौ । २०७९ बैशाख ३० गते भएको स्थानीय निर्वाचनमा निर्वाचन भएको ३० दिनभित्र खर्च विवरण बुझाउन नसकेका वा जानकारीको अभावका कारण छुटेका व्यक्तिहरुको लागि समय थप गरी उक्त जरिवाना मिनाहा गर्न गाउँपालिका महासंघ र नगरपालिका संघले गृह मन्त्रालयलाई आग्रह गरेको छ । उसले सार्वजानिक गरेको बिज्ञप्तिमा भनेको छ ।

माननीय गृह मन्त्रीज्यु, सिंहदरवार, काठमाडौ बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपालको राजनीतिमा के हुदैन

नेपालमा २०७२ साल असोज ३ गते जारी भएको संविधान अनुसार दोस्रोपटक भएको आवधिक निर्वाचनमा नेपाली काँग्रेस र माओवादी केन्द्र नामका पार्टीहरुले स्थानीय तह निर्वाचन र प्रदेश/प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक गठबन्धन गरेर निर्वाचनमा गए । त्यसैको परिणाम नेपाली काँग्रेस ठुलो पार्टीको रुपमा स्थपित गर्न सफल भयो भने नेकपा माओवादी केन्द्रले नेपाली काँग्रेससँग गठबन्धन गरेपनि तेस्रो पार्टीको रुपमा मात्र सिमित हुन पुगेको छ । निर्वाचनको वेला र नेकपा(नेकपा मिलेर बनेको सरकार ढाल्न समेत भुमिका खेलेको नेकपा माओवादी केन्द्र फेरी एकपटक सत्ता गठबन्धन छोडेर अर्को बाम घटक नेकपा एमालेसँग मिलेर सरकार चलाउने सहमतिमा पुगेको छ ।

त्यसको अलवा नेपालमा कस्को सरकार बन्ला, कसरी बन्ला भन्ने बिषयमा मानिसहरुमा संसय भइरहेको वेला एक्कासी फुत्त केही महिना अगाडीमात्र स्थापना भएको स्वतन्त्र पार्टी, पुरातन प्रबृति बोकेर हिडिरहेको राप्रपा,तराईमा पृथक राज्यको आन्दोलन गरेर स्थापना भएको पार्टी र त्यसको नेतृत्व गरिरहेको सिके राउत समुहको जनमत पार्टी, टिकापुर हत्याकण्डसँग जोडिएको उन्मुक्ति पार्टी,पाहाडी मुलका मानिसहरुलाई जिउदै आगो झोस्ने त्यतिवेलाको जन अधिकार फोरम हालको जनता समाजवादी पार्टी नेपाल र त्यसको नेतृत्व गर्ने उपेन्द्र यादव समुह, जहिले पनि सत्तामा रहनको लागि पार्टी परित्याग गर्न सक्ने प्रभु शाह, अमरेश कुमार सिंह जस्ता संसदहरुको पनि प्रचण्डको नेतृत्वको सरकारमा सहभागी भएका छन् ।

यस घटनावाट नेपालको राजनीतिमा के हुदैन भन्ने शब्दको पुर्ण विराम लागेको छ । जे पनि हुन्छ । जस्तो पनि हुन्छ । जसरी पनि सरकार बन्छ । त्यो जनताको पक्षमा होस् वा नहोस् । नेताहरुको स्वार्थ मिल्नुपर्छ, विदेशीको इच्छा अनुसारको हुनुपर्छ भन्ने तरिकाको सन्देश जानेगरी नेपालको राजनीति अगाडी बढेको देखिदै छ । त्यसकारण नेपालको राजनीतिमा जे पनि हुन्छ जस्तो पनि चल्छ भन्ने सन्देश नै जाने गरी सहमतिहरु हुने गरेका छ्न् । सिद्धान्त, विचार एकातिर सहमति अर्कोतिर गरेर काँग्रेस, कम्युनिष्टहरु जय नेपाल र लालसलाम भन्दै चुनावताका नाटक मञ्चन गरेको पनि जनताले देखेकै थिए । परिवर्तनको नाममा नेपालका नदी नालाहरु सम्झौताहरु गरेर नेपालको प्राकृतिक स्रोत भारतीयहरुलाई सुम्पेको ईतिहास साक्षी नै छ । क्रान्तिको नाममा जंगे पिलर उखेलेर गायव बनाएका घटनाले नेपालको राजनीति नेपाली जनताको हितमा होइन अरुनै कसैको स्वार्थ केन्द्रीत भएको विगतमा देखिएकै थियो ।

२०७८ सालका निर्वाचनहरुमा भएका अवाञ्छित गतिविधि गरेर चुनाव जित्ने पार्टीहरु आफ्नो स्वार्थ पुरा गर्न लागेका थिय तर त्यो विदेशी निर्देशनमा माथिका नेताहरुलाई कतिवेला कस्लाई कुन तरिकाले प्रयोग गर्छ भन्ने विषयमा हेक्का थिएन । पछिल्लो घटनापछि गलत गरेर निर्वाचन जितेको परिणामले गलत नै नतिजा दिनेगरी नेपाली काँग्रेसलाई दिएको माओवादी केन्द्रको झापट सतहमा देखिन आईपुगेको छ ।

यसरी ब्याक्तिगत स्वर्थ सिद्ध गर्नको लागि गरिने राजनीतिले नेपाल देशको हितमा र नेपाली जनताको हितमा हुने देखिदैन । नेपाल देश र नेपाली जनताको हितमा निष्ठापुर्वक काम गर्न सक्ने क्षमता भएको देशभक्त राष्ट्रवादी शक्तिको आवश्यकता देशले खोजेको छ । संसद हुनेले देशको नेतृत्व गर्ने चलनलाई अन्त्य गरेर देशको सेवा गर्न सक्ने क्षमता भएको समाजवाट अर्को मानिस चुन्नु पर्ने टडकारो अवश्यकता देखिएको छ । यसो गर्न सकियो भने गलत ढंङगाबाट चुनाव जितेर गलत नीति र थिति चलाउने कुसस्कारको अन्त्य गर्न सकिन्छ र सवल, सक्षम, योग्य, दक्ष, स्वस्थ ब्यक्तिहरुले बनाएका नीतिहरु देशमा लागु गर्ने, पालना गर्ने र सुशभ्य, स्वतन्त्र, देशको रक्षा र जनताको हितमा हुने वातावरण बन्छ त्यसपछि नेपाल साच्चैको विकसित नेपाल बनाउन सकिन्छ । यस्तो अवस्थाको सृर्जना गर्न तर्फ नेपालका बुद्धिजीविहरुको हस्तक्षेपकारी भुमिका आवश्यक छ । नेपालको राजनीतिमा जे पनि हुन्छ भन्ने चलनको अन्त्य आवश्यक छ ।

# भ्रष्टाचारले मक्किँदै गएको देश

**सागर पण्डित**

हाम्रा शासक प्रशासकले कैयौ वर्षदेखि भ्रष्टाचारमा शून्य सहनशीलताको विषय उठाउँदै आइरहेका छन् । तर, उनीहरूको भन्ने एक तर गर्ने अर्कै प्रवृत्तिका कारण मुलुक र यहाँका सबैजसो सरकारी संयन्त्र भ्रष्टाचारले मक्किन थालेका छन् । तीनवटै सरकारका प्रायजसो सबै संयन्त्र भ्रष्टाचारको दलदलमा परेर पक्षघातका बिरामीजस्ता भएका छन् । जसका कारण ती सरकारी निकायले जनताका तमामखाले समस्या समाधानका लागि काम गर्नै छोडेका छन् । ती निकायमा रहने अधिकांश भ्रष्ट चरित्रका छन् । कसरी हुन्छ ? धन कमाउनेमा नै उनीहरू लिप्त छन् ।

आमजनताका गास, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता समस्यालाई कसरी समाधान गर्ने भन्नेमा उनीहरू कहिल्यै पनि गम्भीरतापूर्वक छलफल नै गर्दैनन् । राजनीतिक नेतृत्वले इमान र धर्म गुमाएपछि त्यसको सबैभन्दा बढी मार मुलुक र नागरिकले भोग्नुपर्नेरहेछ । अहिले हामीकहाँ स्वास्थ्य र शिक्षामा फस्टाएको माफियाकरण र बिचौलियातन्त्रका कारण जनताले सबैभन्दा बढी सास्ती र पीडा भोग्नुपर्ने बाध्यता छ ।

शासनसत्तामा आउने नेता जुन जोगी आए पनि कानै चिरेकाजस्ता देखिन थालेका छन् । सबैजना कम्मल ओढेरै घिउ खान खप्पिस बन्दा भ्रष्टाचारले सीमा नाघ्न थालेको छ । त्यसैले प्रमुख दल र तिनका नेताबाट जनताले आशा र भरोसा गर्नै छोडेका छन् । जसका कारण स्थानीय तहको निर्वाचनमा देशकै राजधानी रहेको काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहले प्रमुख दलका उम्मेदवारलाई हराएर मेयर बन्न सफल भए भने संसदीय निर्वाचनमा रष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपालाई जनताले उल्लेख्य मत दिए । यो सबै पुराना दल र तिनका नेताले गरेको भ्रष्टाचार र त्यसविरुद्धको आक्रोश हो ।

अहिले हामीकहाँ स्वास्थ्य र शिक्षामा फस्टाएको माफियाकरण र बिचौलियातन्त्रका कारण जनताले सबैभन्दा बढी सास्ती र पीडा भोग्नुपर्ने बाध्यता छ ।

अहिले नयाँ सरकार निर्माणको प्रक्रिया सुरु भइसकेको छ । तर, आमजनतामा कुनै प्रकारको उत्साहको सञ्चार भएको देखिँदैन् । प्रधानमन्त्रीका लागि जसको बढी चर्चा भइरहेको छ सो व्यक्ति विगतमा पनि धेरैपटक प्रधानमन्त्री भइसकेको र पटकपटक असफल भइसकेको व्यक्तिका रूपमा रहेका छन् । फेरि पनि तिनै व्यक्ति प्रधानमन्त्री भए भने मुलुकले सुशासन र समृद्धिमा फड्को मार्न नसक्ने निश्चित छ । मुलुकको सुशासनको अवस्था झनै बिग्रेर जानेछ । सबै क्षेत्र नराम्ररी बिग्रिएर जानेछन् । त्यसैले पनि होला जनतामा अब बन्न लागेको सरकारप्रति आशा र भरोसाभन्दा पनि निराशा र आक्रोश देखिएको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ढालेर प्रधानमन्त्री भएका शेरबहादुर देउवाले गत ढेड वर्षमा मुलुकको विकास, समृद्धि र सुशासनका लागि उल्लेख्य काम गर्न सक्थे । त्यो उनी सफल राजनीतिज्ञ हुने एउटा सुनौलो अवसर पनि थियो तर प्रधानमन्त्री देउवाले त्यो अवसलाई गुमाए । उनी मुलुकको विकास, सुशासन र समृद्धि कायम गर्ने कार्यमा यसपटक पनि पूर्णरूपमा असफल साबित भए । यद्यपि, सत्तागठबन्धनकै कारण निर्वाचनमा उनको दल कांग्रेस सबैभन्दा ठूलो दल बन्न पुग्यो । तर, कांग्रेसले चौतर्फी अनुकूलताबीच पनि जति सिट संख्या ल्याउन सक्नुपर्थ्यो त्यति ल्याउन सकेन । यो देउवाको शासनकालमा भएका गलत प्रवृत्तिकै उपज थियो ।

यसपटक पनि माफिया र बिचौलियबाट घेरिएका देउवाले मुलुक र जनताका लागि ऐतिहासिक महत्वका एउटै पनि काम गर्न सकेनन् । यसअघि चौथोपटक प्रधानमन्त्री हुँदा देउवाले पहिलो निर्णयका रूपमा सदाचार नीतिको मस्यौदामा हस्ताक्षर गरेका थिए । उनले त्यो नीति ल्याउने बताए तापनि पछि विभिन्न खराब पक्षसँगको साँठगाँठका कारण त्यो नीति आउन सकेन । सार्वजनिक पदमा बस्ने सबै पदाधिकारीलाई नैतिक बन्धनमा बाँध्ने गरी सो नीति तयार पारिएको थियो यदि त्यो नीति देउवाले ल्याउन सकेको भए उनी छोटो समयमा नै सफल प्रधानमन्त्रीका रूपमा चित्रण हुन पुग्थे । पद्धति बसाल्न सक्ने प्रधानमन्त्रीका रूपमा स्थापित हुन्थे । तर, त्यो सुनौलो अवसर पनि उनले गुमाउन पुगे ।

प्रायः जसो सबै सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिँदै आए पनि सरकारी क्षेत्रमा व्याप्त भ्रष्टाचार रोकिन सकेको छैन । लामो समयदेखि भ्रष्टाचारको कुलतमा फस्दै आएका सरकारी अधिकारीमा नैतिकता स्खलित हुन पुग्दा भ्रष्टाचार दिनानुदिन बढ्दो छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केही समयअघि मात्रै एउटा अभियान ल्यायो 'प्रत्येक कर्मचारीले कार्यालय प्रवेश गर्नुअघि भ्रष्टाचार नगर्ने प्रण गर्दै कार्यालय प्रवेश गर्ने र काम गर्ने ।' तर, प्रधानमन्त्री कार्यालयको सो अभियानले कर्मचारीमा रहेको भ्रष्टाचारको कुलत रोक्न सकेन । जसले सो कार्यक्रम लागू गऱ्यो उसले त्यसको 'दयगतमा सशक्त अनुगमन नै गर्न सकेन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा ल्याइएको सो अभियान'दयगत प्रधानमन्त्री ओली स्वयंले खासै चासो दिएनन् भने कर्मचारीतन्त्रले त्यसलाई लागू गर्न पनि कुनै अग्रसरता देखाएनन् । हामीकहाँ बोल्ने एउटा तर गर्ने अर्कै प्रवृत्तिका कारण पनि समस्यामाथि समस्या थपिने गरेको हो । नेता तथा कर्मचारीको द्वैत चरित्रका कारण पनि भ्रष्टाचार निवारण हुन नसकेको हो ।

भ्रष्टाचार विरुद्धका अध्येताहरूका अनुसार मानिसमा तीन प्रकारका स्वास्थ्य हुन्छन् । जसअनुसार शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र नैतिक स्वास्थ्य । यीमध्ये नेपालका नेता तथा कर्मचारीलगायत धेरै व्यक्तिमा नैतिक स्वास्थ्यमा गम्भीर गडबढी देखिन थालेको छ । जबसम्म यहाँका नेता तथा कर्मचारीमा नैतिक स्वास्थ्यमा सुधार आउँदैन तबसम्म भ्रष्टाचार रोकिने सम्भावना देखिँदैन । यद्यपि, यहाको निजी क्षेत्र तथा सामाजिक क्षेत्रमा पनि त्यस्तै खालका गम्भीर समस्या छन् ।

जबसम्म यहाँका नेता तथा कर्मचारीमा नैतिक स्वास्थ्यमा सुधार आउँदैन तबसम्म भ्रष्टाचार रोकिने सम्भावना देखिँदैन । यद्यपि, यहाँका निजी क्षेत्र तथा सामाजिक क्षेत्रमा पनि त्यस्तै खालका गम्भीर समस्या छन् ।

जानकारका अनुसार भ्रष्टाचारको कुलतमा फस्नु लागू औषधको कुलतमा फस्नुभन्दा पनि खतरनाक हुन्छ । लागू औषधको कुलतमा फसेकालाई विभिन्न पुनर्स्थापना केन्द्रमा लगेर उपचार गराउन सकिन्छ तर भ्रष्टाचारको कुलतमा फसेकालाई कुनै प्रकारको उपचार गर्न सकिँदैन । सबैभन्दा राम्रो उपचार भनेकै उनीहरू नैतिक रूपमा आफैं सुध्रने हो । तर, नेपालमा भ्रष्टाचारी सुध्रने कुनै संकेत देखिन सकेको छैन । विभिन्न अध्ययनले भ्रष्टाचारमा लिप्त भएर मुद्दा परी जागिर चट भएका फेरि बिचौलिया तथा माफियाका रूपमा समाजमा शक्तिशाली हुने गरेको पाइएको छ ।

अहिले पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आफू मातहतका निकायमाथि कडा अनुगमन गर्न सकेको छैन । आफैंले बनाएका नियम लागू गर्न नसक्दा पनि कर्मचारीमा भ्रष्ट प्रवृत्ति मौलाइरहेको देखिन्छ । अब कुनै कार्यालयका कर्मचारी घुस सहित रंगेहात पक्राउ परेमा कार्यालय प्रमुखलाई पनि जिम्मेवार बनाइनुपर्छ । कार्यालय प्रमुखमाथि समेत थप छानबिन गरिनुपर्छ ।

भ्रष्टाचार निर्मूल पार्ने अभियान निकै कठिन अभियान हो । जादुको छडीसरह यसलाई एकैपटक अन्त गर्न पनि सकिँदैन । तर, मुख्य नेतृत्वमा रहने व्यक्ति भ्रष्टाचार रोक्ने अभियानमा लागेभने भ्रष्टाचार धेरै हदसम्म न्यूनीकरण हुन सक्छ ।

मुहान सफा हुने हो भने तल बग्ने पानी स्वतः सफा हुनेछ । त्यसैले सुशासन कायम गर्ने अभियानको नेतृत्व प्रधानमन्त्री, मन्त्री र सचिवहरूले सामूहिक रूपमा लिनुपर्छ । बाहिर बोल्ने एउटा र भित्र अर्को गर्ने प्रवृत्ति पूर्ण रूपमा रोकिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न मुलुकमा मौलाएको दण्डहीनताको संस्कृति अन्त हुनुपर्छ भने कानुनीराज पूर्णरूपमा स्थापित हुनुपर्छ । भ्रष्टाचार न्यूनीकरण हुन सक्यो भने पनि मुलुकको विकास र प्रगतिले छिट्टै गति लिन सक्छ ।

अब त अति नै भइसकेको छ । अब आउने नयाँ सरकार पनि विगतकै जस्तो भ्रष्टाचार र अनियमिततामा लम्पट भइरहने हो भने देश थप बर्वादीतर्फ जाने निश्चित छ । त्यतिखेर अधिकांश नेता जनताबाटै भाटे कारबाहीमा पर्ने र त्यसले गम्भीर परिणाम ल्याउन सक्ने भएकाले अब नेताहरू सच्चिनुको विकल्प छैन । त्यसैले विनम्र आग्रह छ देशलाई भ्रष्टाचारका कारण अझै मक्किन र विनाश हुनबाट बचाऔं ।

> प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केही समयअघि मात्रै एउटा अभियान ल्यायो 'प्रत्येक कर्मचारीले कार्यालय प्रवेश गर्नुअघि भ्रष्टाचार नगर्ने प्रण गर्दै कार्यालय प्रवेश गर्ने र काम गर्ने ।' तर, प्रधानमन्त्री कार्यालयको सो अभियानले कर्मचारीमा रहेको भ्रष्टाचारको कुलत रोक्न सकेन । जसले सो कार्यक्रम लागू गऱ्यो उसले त्यसको 'दयगतमा सशक्त अनुगमन नै गर्न सकेन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा ल्याइएको सो अभियान'दयगत प्रधानमन्त्री ओली स्वयंले खासै चासो दिएनन् भने कर्मचारीतन्त्रले त्यसलाई लागू गर्न पनि कुनै अग्रसरता देखाएनन् । हामीकहाँ बोल्ने एउटा तर गर्ने अर्कै प्रवृत्तिका कारण पनि समस्यामाथि समस्या थपिने गरेको हो । नेता तथा कर्मचारीको द्वैत चरित्रका कारण पनि भ्रष्टाचार निवारण हुन नसकेको हो ।
>
> भ्रष्टाचार विरुद्धका अध्येताहरूका अनुसार मानिसमा तीन प्रकारका स्वास्थ्य हुन्छन् । जसअनुसार शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र नैतिक स्वास्थ्य । यीमध्ये नेपालका नेता तथा कर्मचारीलगायत धेरै व्यक्तिमा नैतिक स्वास्थ्यमा गम्भीर गडबढी देखिन थालेको छ । जबसम्म यहाँका नेता तथा कर्मचारीमा नैतिक स्वास्थ्यमा सुधार आउँदैन तबसम्म भ्रष्टाचार रोकिने सम्भावना देखिँदैन । यद्यपि, यहाको निजी क्षेत्र तथा सामाजिक क्षेत्रमा पनि त्यस्तै खालका गम्भीर समस्या छन् ।

# प्रसारण लाइनको निर्माण तीव्र

रसुवा । रसुवा तथा नुवाकोट जिल्लामा उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारणको केन्द्रीय भण्डारणमा पुऱ्याउन प्रसारण लाइनको निर्माण तीव्र भैराखेको छ । सुस्तगतिमा निर्माण अगाडि बढिरहेको चिलिमे हवदेखि त्रिशूली हवसम्मको २७ किलोमिटर राष्ट्रिय प्रसारण लाइनका बाँकी निर्माण छिटो सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले निर्देशन दिनुभएको छ । उहाँले ती दुई जिल्लामा निर्माणाधीन राष्ट्रिय गौरवका जलविद्युत् आयोजनाको कार्य प्रगतिको आइतबार स्थलगत निरीक्षण एवं जानकारी लिँदै सो निर्देशन दिनुभएको हो । रसुवागढी र साङ्जेन जलविद्युत् आयोजनाले आगामी वैशाख महिनाबाट परीक्षण उत्पादन गर्ने लक्ष्य लिइसकेको छ । ती दुवै आयोजनाका लागि चिलिमेको थाम्वुचेतमा एउटै हव बनाई गतलाङको बोम्जोडाँडा, ग्रे, हाकु, डाँडागाउँ, ठूलोगाउँ हुँदै नुवाकोटको सलाखु दोभानमा रहने विद्युत् सङ्कलन केन्द्रबाट राष्ट्रिय प्रसारणमा पठाउन आवश्यक संरचनाको निर्माण तीब्र अगाडि बढिरहेको प्राधिरकणले जनाएको छ । नुवाकोटको सलाखु खोला दोभान अक्करेमा निर्माण भइरहेको हवबाट तादी र त्रिशूली थ्रि बि, रसुवाको रसुवागढी तथा साञ्जेन फलाखुखोला, अपर त्रिशूली वान, लाङटाङ खोला, सुपर मैलुङ, अपर मैलुङ, लाङटाङ भोटेकोसीसमेतका स्थानबाट उत्पादन हुने करिब छ सय मेगावाट विद्युत् एकत्रित गरी राष्ट्रिय प्रसारणमा पठाइने प्राधिकरणले तयारी छ । प्राधिकरणले भविष्यमा उत्पादन हुने बिजुलीसमेत अक्करे हवबाटै एकीकृत रूपले राष्ट्रिय प्रसारणमा पठाइने जनाएको छ । पहिलो चरणमा भने उक्त हवबाट रसुवागढी तथा साञ्जेनको मात्र विद्युत् राष्ट्रिय प्रसारणमा जाने छ । निर्माणाधीन रसुवागढी र साञ्जेन जलविद्युत् आयोजनाको अधिकांश निर्माण सम्पन्न भई समग्रको उपकरण जडान कार्य ७५ प्रतिशतभन्दा माथि गइसकेको छ । अन्य विद्युत् आयोजना धमाधम निमाणाधीन अवस्थामा रहेका छन् । सन् २०१३ बाट निर्माण चरणमा अगाडि बढेको सो आयोजनामध्ये रसुवागढीले एक सय ११ मेगावाट, तल्लो माथिल्लो साञ्जेनले ४२ दशमलव पाँच एवं माथिल्लो साञ्जेनले १४ दशमलव आठ मेगावाट विद्युत् ऊर्जा उत्पादन दिने प्राविधिकले बताएका छन् ।

# नेपाल नगरपालिका संघको आठौं राष्ट्रिय अधिवेशनबाट २५ बुदे घोषणापत्र सार्वजनिक

काठमाडौं । नेपाल नगरपालिका संघले २५ बुदे घोणाण पत्र सार्वजानिक गरेको छ । काठमाडौंमा पुष ४ देखि ६ गते दुइदिनसम्म चलेको आठौ महाधिवेशले उक्त घोषणा पत्र सार्वजानिक गरेको हो । उक्त कार्यक्रम प्रधानमन्त्री शेर बहादुर देउवाले उद्धाटन गरी शुरु भएको थियो । घोषणा पत्रको शारमा




भनिएको छ, नेपालको संविधान, २०७२ ले गरेको शासकीय पुनर्संरचना अनसार जनताको घरदैलोको सरकारको रुपमा स्थापित स्थानीय सरकारलाई प्राप्त संवैधानिक अधिकार प्रभावकारी रुपमा कार्यान्वयन गर्न काम, कर्तब्य र अधिकारलाई प्रभावकारी बनाउँदै नगरपालिकाहरुको क्षमता विकास, प्रभावकारी सेवा प्रवाह र रचनात्मक सहकार्यका साथ नागरिक अपेक्षाहरुको सम्बोधन गर्न क्रियाशील नेपाल नगरपालिका संघको २०७९ पुष ऐतिहासिक ८ औं अधिवेशनमा चूनौति, अवसर र सहकार्यको समग्र आयामहरुमा घनिभूत बहस तथा समिक्षा गर्दै देश भरका महानगरपालिका, उपमहानगर पालिका र नगरपालिकाहरुका नगर-प्रमुख तथा उपप्रमुखहरुको उपस्थितिमा २५ बुँदे काठमाडौं घोषणा पत्र, २०७९ जारी भएको छ ।

घोषणा पत्रमा निम्न कुराहरु उल्लेख गरेको छ ।

१. नेपाल नगरपालिका संघको ८ औं राष्ट्रिय अधिवेशनमा उपस्थित हामी सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाका प्रमुख एवं उपप्रमुखहरु संविधान प्रदत्त अधिकारको प्रभावकारी प्रयोग, संरक्षण र सम्बर्द्धन गर्दै आपसी सहकार्य, एकता र समग्र विकासका लागि रचनात्मक सहकार्य गर्ने प्रतिबद्धता जनाउँदछौं ।

२. संविधानको धारा २३५ अनुसार तीन तहको सरकार सहकारीता, सहअस्तित्व र समन्वयका अधारमा सञ्चालन हुनुपर्ने ब्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा हुने राष्ट्रिय समन्वय परिषद् तत्काल गठन गर्न साथै अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद, प्रदेश समन्वय परिषद तथा बिषयगत समितिहरुलाई तत्काल सक्रिय पार्न र नियमित रुपमा बैठक सञ्चालन गर्न ध्यानाकर्षण गराउँदै राष्ट्रिय समन्वय परिषद लगायत सबै संस्थागत संरचनाहरुमा स्थानीय तहका संघ/महासंघहरुको प्रतिनिधित्वको सुनिश्चितताको माग गर्दछौं ।

३. स्थानीय सरकारमा संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्न कर्मचारी समायोजन र ब्यवस्थापन विशेष समस्याको रुपमा रहेकाले संघीय निजामती ऐन अविलम्ब जारी गर्न ध्यानाकर्षण गराउछौं । साथै स्थानीय सेवा सम्बन्धी कानूमा प्रमुख प्रशासकीय अधिकृत लगायत स्थानीय सेवाका कर्मचारीहरु पूर्ण रुपमा सम्बन्धित स्थानीय सरकारप्रति नै उत्तरदायी हुने व्यवस्था गर्न संघीय सरकार र सम्बन्धित प्रदेश सरकारहरुसँग जोडदार माग गर्दछौं । स्पष्ट कानूनी प्रवन्ध र मापदण्ड विना निश्चित अवधि पुरा नगरी स्थानीय तहको कुनै पनि कर्मचारीको सरुवा नगरिने कानुनी व्यवस्था गर्न माग गर्दछौं ।

४. स्थानीय तहको एकल अधिकार सूचिमा रहेका २२ वटा अधिकारहरु संघ र प्रदेशको साझा अधिकार सूचिमा समेत रहेको र त्यसबाट कार्यान्वयनमा अन्योलता सृजना भै सेवा प्रवाहमा असर परिरहेकोले एकल अधिकार सूचिमा रहेका अधिकार सम्बन्धीत सरकारले निर्वाध उपभोगको शुनिस्चीतताको लागि संघ र प्रदेश सरकार समक्ष माग गर्दछौं ।

५.संघियताको मर्म विपरीत एकाई कार्यालय, डिभिजन कार्यालय, ज्ञान केन्द्र जस्ता नाममा कार्यालय खोली स्थानीय सरकारको अधिकारलाई कुण्ठीत गरिएको र संविधानको मर्म विपरित भएकोले सो कार्य तत्काल रोकी संविधान सम्मत गर्न माग गर्दछौं ।

६. राष्ट्रिय बजेटमा स्थानीय तहका लागि विनियोजित बजेट करीब १५ प्रतिशत मात्र रहेकाले कम्तिमा एक तिहाई बजेट स्थानीय सरकारका लागि विनियोजन गरि बैज्ञानिक बजेट प्रणाली मार्फत शसर्त र समानीकरणको एकिकृत बजेट ब्यवस्थापन प्रभावकारी रुपमा गरियोस् ।

७. स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सम्पूर्ण विषयगत कार्यालयहरु स्थानीय सरकारमा ६ महिना भित्र हस्तान्तरण गर्नुपर्नेमा हालसम्म नभएकोले स्थानीय तहको एकल अधिकार सूचि अन्तर्गतका विषयगत कार्यालयहरु तत्काल संविधान बमोजिम स्थानीय तहमा समायोजन गर्न माग गर्दछौं ।

८. संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकारको अधिकार कुण्ठित हुने सवै कानून स्वतः खारेजीको घोषणा गरियोस् । नगर विकास ऐन र उपत्यका विकास प्राधिकरण ऐनले नगरपालिकाहरुको अधिकार कुण्ठित गरेकाले तत्काल नगरपालिकाहरुसंग समन्वयात्मक ब्यवस्था गरियोस् ।

९. स्थानीय तहका जनप्रतिनिधिको सुविधाका सम्बन्धमा विभिन्न प्रदेशमा फरक फरक नीति रहेकोबाट नगर प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरुलाई कठिनाइ भैरहेकाले तत्काल सम्मानजन रुपमा सवै प्रदेशमा सेवा सुविधाको एकरुपता कायम गरियोस् ।

१०. तत्कालिन जिल्ला विकास समितिको मौज्दात रहेको अबौं रकम परिचालन नभएकाले तत्काल सम्बन्धित स्थानीय तहका पुर्वाधार विकासमा प्रयोग हुने निर्णय गर्न माग गर्दछौं ।

११.स्थानीय तहको अभिलेख ब्यवस्थापन तथा तथ्यांक प्रणालीमा एकरुपता कायम गरि केन्द्रीय सर्भर मार्फत सवै स्थानीय तह र संघ/प्रदेश सरकारको समन्वयात्मक एकिकृत सेवा ब्यवस्थापन प्रणालीको विकास गर्न माग गर्दछौं ।

१२.चुरे क्षेत्रको संरक्षण गर्दै तराइको उर्वर भूमिमा ठूला तथा मझौला सिंचाई आयोजना संचालन गर्न संघ, प्रदेश र स्थानीय तहले गर्ने आयोजनाहरुको मापदण्ड तोक्न अन्तर सरकार राष्ट्रिय परिषद् र संघ, प्रदेश सरकारको ध्यानाकर्षण गराउँछौं ।

१३. संविधान र कानूनको अधिनमा रहि संघ, प्रदेश र स्थानीय तहवीच समन्वय, सहकारिता र सहअस्तित्वको मूल मर्म अनुसार साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वयात्तताको सम्मान गर्नेछौं ।

१४. संयुक्त राष्ट्रसंघीय दीगो विकास लक्ष्य २०३० हासिल गर्न नेपालले गरेको प्रतिबद्धता पुरा गर्न सवै नगरपालिकाहरुमा दीगो विकास लक्ष हरुको स्थानीयकरण योजना निर्माण गरि सो अनुसारका नीति, कार्यक्रम र बजेट विनियोजन गर्ने प्रतिबद्धता गर्दछौं ।

१५. स्थानीय सरकारको सेवा प्रवाह र बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापका युवाहरु बिदेशीनुको कारणहरु

रामेछाप जिल्ला काठमाडौ राजधानीबाट नजिक रहेर पनि शिक्षा, स्वास्थ्य, चेतनामा कमी भएको देखिन्छ । रामेछापका कतिपय ठाउँमा अझै सडक, बिजुली ,खानेपानी समेत पुगेको छैन्न् । पढ्नको लागी राम्रो बिद्यालय नभएकै कारण कति बालबालिकाहरु शिक्षाविहिन भएका छन् । बिद्यालय भए पनि घण्टौ हिडेर टाढा जानु पर्ने साथैमा अविभावकले लिएर जानुपर्ने अविभावकले आफ्नो छोरा छोरीलाई स्कुल लिएर जादा अर्काको काम गर्न नपाउँने अरुको काम नगरेमा आफ्नो परिवार र आफ्नो पेट भोको रहने ।

गाउँमा बसेर केहि गर्छु भन्ने युवाहरु पनि खाडी मुलुकमा जान बाध्य परेका छन् गाउँमा जग्गा जमिन भैंकर भएको तर कुनै ब्यवसाय गर्नको लागी सहज वातावरण नभएको ऋृण काडेर ब्यवसायी गऱ्यो वजार नभएकै कारण व्यापार चौपट हुने साहुको ऋृण त तिर्नै नसकेर आफनो परिवारसंग छुटिन नचाहादा नचाहदै, गाउँ घर त्यागेर अरवको खाडीमा जान युवाहरु बाध्य भएका छन् । सहरमा बसेर चिल्ला गाडी अनि करोडौको घरमा बसेर आफ्नो छोराछोरीलाई पढनकै लागी जापान ,अस्ट्रेलिया ,अमेरीका पठाँउने अनि गाउँ घरमा व्यसायी ,उद्योग, कलकारखान देखन्ने ति ठुला दलका नेता ठेकेदारहरुलाई केथा गाउँले जिवन कस्तो हुन्छ भनेर युवाहरु विदेश गऱ्यो भनी रहरले गएको देखन्नी गाउँघरमै सुख र आन्द मिल्लेको देख्ननी ठुल्ला भाषन आशोसन देखाउन्ने ति बुढी आमाले आफैले उत्पादन गरेको आलु बेचेर चामल किन्नलाई खोज्दा आलु बेचनलाई बजार नभएर गाईलाइ खोले दिनु पर्ने बिडम्बना आफ्नै ठाउँमा केही गर्ने वातावरण भैदिय युवाहरु अरवको खाडीमा जान बाध्य हुदैन थिए ।

## श्री समाजसेवा जागृति महिला बचत तथा ऋृण सहकारी संस्थाको १५ औं बार्षिक साधरणसभा सम्पन्न

रामेछाप । रामेछाप जिल्लाको रामेछाप नगरापालिका वाडन. ८ स्तिथ सञ्चालन भईरहेको श्री समाजसेवा जागृति महिला बचत तथा ऋृण सहकारी संस्थाको १५ औं बार्षिक साधारणसभा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि रामेछाप नगरपालिकाका उप मेयर बालाकुमारी कार्की (थापा)द्धारा दीप प्रज्वल गरी कार्यक्रम शुरु भएको थियो । संस्थाका अध्यक्ष लक्ष्मी घिसिङको अध्यक्षतामा शुरु भएको कार्यक्रममा रामेछाप नगारपालिकाका उद्यम विकास तथा सहकारी शाखाका कर्मचारी हरिभगत श्रेष्ठ, वाडन ८ का अध्यक्ष सन्तोष तामाङ लगायत बिभिन्न संघ,संस्थाका पदाधिकारीहरु, संस्थाका सदस्यहरुको बाक्लो उपस्थितिमा कार्यक्रम भएको हो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै घनमाया श्रेष्ठद्धारा संस्थाको स्थापना, संस्थाले खेलेको भुमिका, र विगतमा रामेछाप जिल्लामा रहेको रामेछाप जिल्ला महिला तथा बालबालिका कार्यलयको महत्वपूर्ण सहयोगमा २०६२ सालमा स्थापना गरी रु ५ रुपैयावाट आमा र दिदीबहिनीहरुले बचत गर्न शुरु गरेको संस्थाले आज आईपुग्दा सदस्यहरु मात्रै ५४० जना रहेका र त्यस आरोह अवरोह पार गर्दै संस्थाले अल्पसंख्याङ एकल महिला, अपाङग, बालबालिका बिशेष गरेर महिलाहरुको क्षेत्रमा काम गर्दै आएको बताउनु भएको थियो ।

कार्यक्रममा संस्थाकी नीरमाया शाहीले संस्थाको कार्यपत्र पढेर सुनाउनु भएको समय सापेक्ष प्रविधिको प्रयोग गर्दै सहकारीले गरेको कार्यक्रमको प्रस्तुती गर्नुभएको थियो । संस्थाकै कोषाध्यक्ष कल्पना देवकोटाले संस्थाले आर्थिक बर्षमा गरेका कार्यक्रम आयव्याय र आउदा दिनरुमा संस्थाले तय गरेका लक्ष्यहरुको वारेमा प्रतिवेदन पढेर सुनाउनु भएको थियो । कार्यक्रमलाई शिक्षण पुग्ने उदेश्यले तय गरेको प्रष्ट देखिन्थ्यो सहकारी संस्था सम्बन्धि नाटक, गीत, नृत्य प्रस्तुती भएका थिय ।

कार्यक्रमको सञ्चालन संस्थाकी व्यवस्थापक अपना श्रेष्ठले गर्नु भएको थियो ।

महिला बालबालिकाको क्षेत्रमा सहकारीको इतिहाँस

स्थानीय विकास मन्त्रालय अर्न्तगत विक्रम सम्बत २०३८ सालमा युनिसेफको सहयोगमा ग्रामिण महिलाहरुका लागि लघु कर्जा व्यस्था कार्यक्रमवाट ५ जिल्लामा शुरु भएको महिला विकास कार्यक्रम आर्थिक बर्ष २०५३/५४ सम्ममा ६७ जिल्लामा सञ्चालन भएको थियो । २०५६ सालमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अर्न्तगत राखि महिला विकास कार्यलय मार्फत महिला विकास कार्यक्रम र महिला जागृति तथा आयाआर्जन कार्यक्रम सञ्चालन गरिदै ७५ वटै जिल्लामा कार्यक्रम विस्तार भएको पाईन्छ । नेपाल सरकार मन्त्रीपरिषदको, २०६० साउन ५ गतेको निर्णयवाट जिल्लास्थित महिला विकास कार्यलयलाई महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङग, चेलिबेटी बेचबिखन नियान्त्रण र गैर सहकारी संस्थाहरुको समन्वय कर्ता, सम्पर्क शुत्र र सहजकर्ताको भुमिका निभाउने सम्पर्क निकायको रुपमा तोकिएको थियो ।

उक्त कार्यक्रम अर्न्तगत महिलाहरुको ४ देखि ७ जना सम्मको समुह गठन अर्न्तगत मन मिल्ने साथी, पायक पर्ने छिमेकी, उमेर मिल्ने पिढी, बय मिल्ने दौतरीको साथ भएको सदस्यहरुको समुह समिति गठन र सहकारी संस्था दर्ता गरी महिलाहरुको मुल प्रवाहीकरण, समावेशीकरण र शसक्तिकरण गरी तीन आयाम र पाँच प्रथामिकता (लैङ्गक समानता, प्रजनन् स्वास्थ, जीपनपयोगी सीप, पुगिसरी सम्पन्नता, सस्थागत सहभागिता) जस्ता कार्य गर्दै आएको थियो ।

उक्त सहकारी संस्थाभित्र किशोरी समुह, लैङ्गक हिंसा निगरानी समूह लगायतका बिभिन्न समूहमार्फत सञ्चालन हुदै आएको सहकारीमा एक घर एक महिला सदस्य रहनेगरी गठित सहकारी संस्थाले महिलाहरुको जीविकोपार्जनको लागि संस्थामार्फत साविक महिला बालबालिका कार्यलयले सीपमूलक, आर्यआर्जनमूलक तालिमका अलवा महिलाहरुका क्षमता विकास, सचेतनामूलक कार्यक्रमहरु गर्दैगर्दा, महिलाहरुको सक्रिय सहभागिता हुदैगर्दा महिला शसक्तिकरण हुदाहुदै नेपालको संविधान, २०७२ जारी भई संघियता लागुभएको थियो त्यसपछि महिला विकास कार्यलय खारेज हुनपुगेको थियो । त्यसपछि महिला सहकारीहरु धेरै जति बन्द भईसकेका छन् । हाल प्रत्येक स्थानीय तहमा महिला तथा बालबालिका शाखा स्थापना भएतापनि माथि उल्लेख गरिए बमोजिमका कुनैपनि कार्यगर्न सकिरहेको अवस्था देखिदैन । स्थानीय तहलाई बढी अधिकार प्रत्यायोजित गर्नको लगि बनाइएको स्थानीय अधिकार भएपनि हाल स्थानीय तहमा उल्लेख्य मात्रमा प्रगति हुन सकेको देखिदैन ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# बैंकिङ क्षेत्रमा डिजटल युगको शुरुवात नेपालमै पहिलो पटक नबिलले शुरू गर्दै एनबैंक

काठमाडौं नबिल बैंक लिमिटेडले नेपालमा नै पहिलो पटक एनबैंक (नियो बैंक) सञ्चालमा ल्याइएको छ । नबिल बैंकले बिहीबार भर्चुअल कार्यक्रम गरी एन बैंक (नियो बैंक) को शुभारम्भ गरेको हो । बैंकका अध्यक्ष उपेन्द्र प्रसाद पौड्याल, उपाध्यक् षनि र्वाण चौधरी, प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द् रप्रसाद ढुंगाना र एनबैंक एण्ड अपरेसनका नायव प्रमुख कार्यकारी अधिकृत विनय कुमार रेग्मीले संयुक्त रूपमा एनबैंकको शुभारम्भ गरेसँगै नबिल बैंक कम्प्युटराइज्ड बैंकबाट डिजिटल बैंकमा परिणत भएको छ । मोबाइल बैंकिङ एपलाई पूर्ण रुपमा परिमार्जन गरी एनबैंकको शुभारम्भ गरेर नबिल डिजिटल बैंकिङको नेतृत्व गर्न सफल पहिलो बैंक भएको छ ।




नबिल बैंकले एनबैंकलाई एक छुट्टै भर्चुअल शाखाको रूपमा स्थापना गरेको हो । नबिल बैंकका अध्यक्ष उपेन्द्र प्रसाद पौड्यालले एनबैंकले जनताको बैंकिङ व्यवहारमा परिवर्तन ल्याउने र दीगो बैंकिङमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष चौधरीले भने, 'एन बैंकको शुभारम्भ सँगै अब बैंकिङ क्षेत्रमा 'परिवर्तन'को नेतृत्व नबिल बैंकले गर्नेछ । ग्राहकहरूले जुनसुकै समय र स्थानबाट पनि डिजिटल बैंकिङ सेवाहरू प्राप्त गर्न सक्ने यो नवीन प्रविधिले बैंकिङमा नयाँ तरङ्ग ल्याएको छ ।

उपभोक्ताले विश्वस्नीयता र व्यक्तिगत अनुभव द्वारा मूल्याङ्कन गर्ने बताउँदै उनले भने एनबैंक कुनै पनि भौतिक शाखा विनाको निजीकृत भर्चुअल बैंकिङ हो । बैंकका अनुसार ग्राहकले आफ्नो साथमा रहने मोबाइल फोनको सहायताले एनबैंकको उपयोग मार्फत् खाता खोल्ने, निक्षेप, ऋण, भुक्तानी जस्ता सबै परम्परागत बैंकिङ सेवाहरू सजिलैसँग लिन सक्नेछन् । एनबैंकले समय र लागतमा ठूलो बचत हुने बताउँदै उपाध्यक्ष चौधरीले अबको बैंकिङ भविष्य डिजिटल बैंक नै रहेको स्पष्ट गरेका छन् । बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द् रप्रसाद ढुंगानाले डिजिटल बैंकको नेतृत्व गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् । 'एनबैंकको औपचारिक शुभारम्भ भएको घोषणा गर्न पाउँदा म हर्षित छु । हामीले सबै डाटा माइग्रेसन र प्रणाली अपग्रेड पूरा गरेका छौं र आज नबिल स्मार्ट बैंक एप उत्कृष्ट बैंकिङ अनुभवको लागि एनबैंकमा परिणत भएको छ । अनलाइन बैंकिङ रोज्ने ग्राहकलाई एनबैंकले आफ्नो खाता खोल्ने देखि डिजिटल ऋण प्राप्तगर्ने सम्मका सेवा दिने उनले बताए । नबिल बैंकका डिसिइओ विनयकुमार रेग्मीले नेपाली बैंकिङ उद्योग मानवयुगको सुरुवात भएको बताए । आज पूर्ण तया डिजिटल बैंक, एनबैंक शुभारम्भ गरेर नेपाली बैंकिङ उद्योग मानवयुगको सुरुवात भएको छ । रेग्मीले भने, नबिल बैंकले डिजिटल प्रविधिमा अगुवाई गरिरहेको छ, हामीले डिजिटल उत्पादन र सेवाहरू सिर्जना गरेका छौं जसले तपाईंको बैंकिङ सेवालिने तरिकालाई पूर्ण रूपमा परिवर्तन गर्नेछ ।

# मुक्तिनाथ विकास बैंकद्वारा बैंकका ग्राहकहरुलाई बसुन्धराको द डालो रेष्ट्रों मा विशेष छुट

मुक्तिनाथ विकास बैंकले आफ्ना भिषा डेविट कार्ड वाहक तथा मोबाइल बैंकिङ्ग ग्राहक हरुलाई थप सेवा दिन बसुन्धराको द डालो रेष्ट्रो रेस्टुरेन्टसँग फुड एण्ड बेभरेजमा विशेष १०प्रतिशत सम्म छुट प्रदान गर्ने गरी सम्झौता



गरेको छ । यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेविट कार्ड वाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले बसुन्धराको द डालो रेष्ट्रोमा फुड एण्ड बेभरेजमा विशेष १०% छुट प्राप्त गर्न सक्नेछन् । साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको □□□□□□□□ प्रयोग गरी नेपाल भरी रहेको VISA Network मा आवद्ध अन्य जुनसुकै बैंकको ATM Machine बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी प्रिपेड डलर कार्ड ,मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०११००२२, कर्जा सेवाको लागि: ९८०११००२३)आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

# ग्लोबल आइएमई बैंकका ८ नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा

ग्लोबल आइएमई बैंक लिमिटेडले शुक्रबारदेखि ८ वटा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । बैंकले धनुषा जिल्लाको धनुषाधाम नगरपालिका वडा नं. ९, धारापानी, महोत्तरी जिल्लाको मनरा शिसवा नगरपालिका वडा नं. १, गुल्मी जिल्लाको मुसिकोट नगरपालिका वडा नं. ४, बडागाउँ, नेटा र वडा नं. २, मुसिकोट, देउराली, उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. २, गराँसमा नयाँ शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ ।




त्यसैगरी बैंकले अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका वडा नं. ६, धातिवाङ, कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नं. ९, बानियाभार र कैलाली जिल्लाको चुहा नगरपालिका वडा नं. ७, हरैयापुरमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको हो । यी शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २८३ पुगेको छ । बैंकले ढल्केबार शाखा अन्तर्गत रहने धारापानीको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय बिशाल कुमार भुजेल, बर्दिबास शाखा अन्तर्गत रहने मनरा शिसवाको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय शाह जेनरल स्टोर्स, वामी शाखा अन्तर्गत रहने बडागाउँ, नेटाको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय बोम बहादुर छन्तेल र वामी शाखा अन्तर्गत रहने मुसिकोट, देउरालीको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय मदन दिप घिमिरेलाई प्रतिनिधि नियुक्त गरेको छ । त्यसैगरी, बैंकले कटारी शाखा अन्तर्गत रहने गराँसको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय राज कुमार कार्की, पोखराथोक शाखा अन्तर्गत रहने धातिवाङ्गको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय मनिराम पौडेल, चन्द्रौटा शाखा अन्तर्गत रहने बानियाभारको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय जयन्ती गिरी र लम्की शाखा अन्तर्गत रहने हरैयापुरको शाखारहित बैंकिङ्ग सेवाको लागि स्थानीय जय बहादुर खत्रीलाई प्रतिनिधि नियुक्त गरेको छ । शाखारहित बैंकिङ्ग सेवाबाट स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, डिसहोम, सीडीएमए, युटीएल तथा एनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । देशका ७७ वटै जिल्लामा २९२ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालय सहित ९०० भन्दा बढि सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

# सिद्धार्थ बैंकको २० औं वार्षिकोत्सव सम्पन्न

१७ औं वाणिज्य बैंकको रुपमा २०५९ साल आजकै दिनमा स्थापित सिद्धार्थ बैंकले आफ्नो स्थापनाको २०औं वर्ष पुरा गरेको छ । बैंक संचालनको २० वर्ष पुरा भएको अवसरमा बैंकले काठमाण्डौ स्थित होटल सोल्टीमा नेपाल राष्ट्र बैंकका डेपुटि गभर्नर बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा एक कार्यक्रम गरी सम्पन्न गरेको हो । उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कडेलज्यूले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकका डेपुटि गभर्नर बम बहादुर मिश्रले बैंकको सबल पक्षहरुको उल्लेख गर्दै आगामी दिनहरुका लागि दीगो प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा बैंक संचालक समिति अध्यक्ष मनोज कुमार केडियाले बैंकको संक्षिप्त यात्राको वर्णन गर्दै धन्यवाद मन्तव्य दिनुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्डको अध्यक्ष रमेश कुमार हमाल, बैंक संञ्चालक समितिका अध्यक्ष मनोज कुमार केडिया, संस्थापक अध्यक्ष चिरंजीलाल अग्रवाल, संचालक समितिका सदस्यूहरु, पूर्व संचालकहरु, संस्थापक तथा शेयरधनीहरु, प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापन समूह लगायत



कार्यरत कर्मचारी, बैंकको भगिनी संस्था सिद्धार्थ क्यापिटल, रिलायन्स लाईफ इन्स्योरेन्स, सिद्धार्थ इन्स्योरेन्स एवं अवसर इक्यूटी लगायत अन्य विभिन्न संघ संस्थाको उच्चपदस्थ पदाधिकारी, प्रतिष्ठित व्यक्तित्वहरु र ग्राहकवर्गहरुको उल्लेख्य सहभागिता रहेको थियो । बैंकले आफ्नो संचालनको २०औँ वर्ष पुरा गरेको अवसरमा डिजिटल बैंकिङ्ग प्रणालीतर्फ प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रकारका छुट योजनाहरु समेत सार्वजनिक गरेको छ । जस अन्तर्गत ग्राहकहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्ग मार्फत भुक्तानी गर्दा २०५ सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ (छुट सम्बन्धी विस्तृत जानकारी बैंकको वेबसाइट https://www.siddharthabank.com.anniversary–offer मा प्राप्त गर्न सकिनेछ) । साथै ग्राहक महानुभावहरूको बैंकिङ्ग सेवा र सुविधाहरू अझ फराकिलो बनाउन, समग्र ग्राहक अनुभवलाई अभिवृद्धि गर्न र डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ आगामी दिनहरुमा पनि अझ गुणस्तरीय बैंकिङ्ग सेवा दिंदै थप उत्कृष्ट सुविधाहरु प्रदान गर्दै जाने बैंकको योजना रहेको छ ।

# अर्थ संसार

## सूर्य ज्योति लाइफ इन्स्योरेन्सको अध्यक्षमा भट्टराई नियुक्त

काठमाडौं । सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. एकआपसमा गाभ्ने गाभिने सम्बन्धमा दुबै कम्पनी बिच मिति २०७९।०७।०४ गते अन्तिम सम्झौता भई दुबै कम्पनीको मिति २०७९।०७।२८ गते सम्पन्न बार्षिक साधारण सभाबाट सो सम्बन्धमा विशेष प्रस्ताव पारित भए पश्चात् नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायत कम्पनी रजिष्ट्रारको कार्यालयबाट ज्योति लाइफ इन्स्योरेन्स कम्पनी



लि. लाई सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. मा गाभ्न स्विकृति प्राप्त भए बमोजिम सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नाममा मिति २०७९/०८/२७ मा कम्पनी दर्ता प्रमाण पत्र तथा नेपाल बीमा प्राधिकरणबाट एकिकृत कारोवार गर्ने स्विकृति प्राप्त भए पश्चात् मिति २०७९/०९/०७ गते देखि सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट एकिकृत कारोवार संचालन भएको छ । यसै सन्दर्भमा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७९/०९/०७ गते बिहान बसेको ३३३ औं बैठकबाट साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को संचालक समितिका अध्यक्ष केशव प्रसाद भट्टराईलाई कम्पनीको अध्यक्ष पदमा चयन गर्ने सर्वसम्मत निर्णय भई सोही दिन नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालसमक्ष पद तथा गोपनियताको सपथ ग्रहण गर्नु भयो । तत्पश्चात् सोही दिन अपरान्ह बसेको संचालक समितिको ३३४ औं बैठकमा अध्यक्ष भट्टराईद्वारा संचालकहरु नन्द किशोर शर्मा, हेमन्त नाहटा, विवेक झा, जयन्त कुमार अग्रवाल,एवं श्रीमती प्रिया तायल लाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो । कम्पनीको संचालक समिकिो सल्लाहकारमा आकाश गोल्छा नियूक्त हुनुको भएको छ ।

## फरवार्ड माइक्रोफाइनान्सको एजीएम पुस ३० मा

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले आफ्नो दसौं वार्षिक साधारणसभा डाकेको छ। संस्थाको सञ्चालक समितिको बैठकले यही पुस ३० गते वार्षिक साधारणसभा आयोजना गर्ने निर्णय गरेको छ। सभा सुनसरीको दुहबीस्थित दिनेश चौधरी स्मृति प्रतिष्ठानको सभाहलमा दिउँसो १ बजेबाट सुरु हुनेछ । सभामा आर्थिक वर्ष २०७८-७९ को नाफाबाट प्रस्तावित कुल ३० प्रतिशत लाभांश अनुमोदन हुनेछ। जसमा २५ प्रतिशत बोनस सेयर र करसहित ५ प्रतिशत नगद लाभांश छन । बोनस सेयर वितरणपछि जारी र चुक्तापुँजी बढ्ने भएकोले सोहीअनुसार प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्ताव पनि सभाले पारित गर्नेछ। अन्य उपयुक्त कुनै लघुवित्तसँग गाभ्ने,




गाभिने वा प्राप्ति गर्नेसम्बन्धी विषयमा निर्णय गर्न सञ्चालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने विशेष प्रस्ताव पेस सभाले पारित गर्नेछ। सभाले गत आर्थिक वर्षको वार्षिक तथा लेखापरीक्षकको प्रतिवेदन पनि अनुमोदन गर्नेछ । लाभांश र सभा प्रयोजनका लागि संस्थाले पुस १७ गते बुक क्लोज गर्ने भएको छ। यसको अर्थ पुस १४ गतेसम्म कायम सेयरधनीहरुमात्रै यो संस्थाको लाभांश पाउन र सभामा भाग लिन योग्य हुनेछन् ।

## मेगा बैंकको प्रमुख कार्यकारी अधिकृतमा पोखरेल नियुक्त

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडको कायममुकायम प्रमुख कार्यकारी अधिकृतमा तुल्सीराम पोखरेल नियुक्त हुनुभएको छ । मेगा बैंक सञ्चालक समितिले २०७९ पुस ९ गतेदेखि लागू हुने गरी पोखरेललाई बैंकको कायममुकायम प्रमुख कार्यकारी अधिकृत (कामु सिइओ) नियुक्त गरेको हो । विगत २७ बर्षदेखि नेपालको बैंकिङ सेवामा समर्पित पोखरेल मेगा बैंकको परिकल्पनाकार र १४ जना संस्थापकमध्ये एक हुनुहुन्छ । बैंक सञ्चालनमा आउनुभन्दा अघि नै २०६७ साल बैशाख १ गतेबाट पूर्वसञ्चालन अबस्थाको कार्यकारी प्रमुख बनेर प्रस्तावित बैंकको दर्ता, लाइसेन्स लिने तथा बैंकका लागि आवश्यक पूर्वाधार तयार पार्ने कामको नेतृत्व गर्दै मेगा बैंकमा सेवा प्रारम्भ गर्नुभएका पोखरेल मेगा बैंकको सहायक महाप्रबन्धक, नायब महाप्रबन्धक, वरिष्ठ नायब महाप्रबन्धक हुँदै कामु सिइओ बन्नुभएको हो । उहाँ स्थापना कालदेखि नै बैंकको उच्च व्यवस्थापनमा रही विभिन्न विभागहरुको विभागीय जिम्मेवारी बहन गर्नुका साथै कम्पनी सचिवको जिम्मेवारी समेत निर्वाह गर्नुभएको थियो । नवदुर्गा फाइनान्सको सहायक प्रबन्धकको रुपमा करिब तीन दशक अघि करिअर सुरु गरेर नायब प्रमुख कार्यकारी अधिकृत बन्नुभएका पोखरेल मेगा बैंकमा आबद्ध हुनुअघि फ्रुडेन्शियल फाइनान्स कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत समेत हुनुहुन्थ्यो । यसैगरी, मेगा बैंकबाट स्वेच्छिक अवकाश लिनुभएकी कायममुकायम प्रमुख कार्यकारी अधिकृत र विना देशराज श्रेष्ठलाई मेगा बैंक सञ्चालक समितिले धन्यवाद दिएको छ । उहाँको सम्मान स्वरुप आयोजना गरिएको बिदाई कार्यक्रममा मेगा बैंकका अध्यक्ष भोज बहादुर शाह तथा सञ्चालक समितिका सदस्यहरुले मेगा बैंक नेपाल लिमिटेडमा १३ बर्ष भन्दा बढी अवधि सेवा गर्नुभएकी श्रेष्ठलाई यस बैंकको उन्नति, प्रगति तथा श्रीबृद्धिमा पुर्याउनु भएको योगदानको प्रशंसा गर्दै विशेष धन्यवाद दिनुका साथै उहाँको उज्ज्वल भविष्यको कामना गर्नुभएको थियो ।

# आइसिटी अवार्ड २०२२ सम्पन्न

काठमाडौं । लिभिङ विथ आइसिटीले हरेक वर्ष आयोजना गर्दै आएको सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा परिचित आइसिटी अवार्डको ग्राण्ड फिनाले सम्पन्न भएको छ ।

शुक्रबार द सोल्टी काठमाडौंमा आयोजना भएको ग्राण्ड फिनाले कार्यक्रममा १४ विधामा अवार्ड प्रदान गर्दै सातौं संस्करणको इन्फोडेभलपर्स आइसिटी अवार्ड २०२२ उत्साहजनक सहभागितासहित सम्पन्न भएको हो ।

आइसिटी अवार्डका संयोजक राजन लम्सालको सभापतित्वमा सुरू भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि नेपाल सरकारका मुख्यसचिव शंकरदास बैरागीले प्रविधीमार्फत गरेका थिए । प्रतिनिधि सभा सदस्यहरु ठाकुर गैरे, महेश बर्तौला, मनीष झा, शिशिर खनाल लगायतको उपस्थिती रहेको कार्यक्रममा विशिष्ट अतिथिको रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्याल र राष्ट्रिय योजना आयोगका सचिव केवल प्रसाद भण्डारीको उपस्थिति रहेको थियो ।

त्यस्तै अतिथिको रूपमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का सचिव मधु मरासिनी, नास्टका उपकुलपति सनिलबाबु श्रेष्ठ, आईएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनाल , पूर्व मन्त्री गणेश शाह , राष्ट्रिय योजना आयोगका सदस्य राम कुमार फुँयाल, राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्र लगायतको उपस्थिति रहेको थियो । साथै कार्यक्रममा सरकारी संस्थाका उच्च अधिकारी, सूचना प्रविधि क्षेत्रका विभिन्न अग्रज व्यक्ति, सहकार्य संस्थाका प्रतिनिधि, सूचना प्रविधि कम्पनीका प्रतिनिधि, पत्रकार लगायत देश तथा विदेशबाट समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वागत मन्त्वय राख्दै आइसिटी अवार्ड संयोजक राजन लम्सालले नेपालमा डिजिटल इकोसिस्टम विकास गर्न विगत सात वर्षदेखि अवार्ड आयोजना गरिरहेका बताए । '६ महिनादेखिको अथक मेहनत र परिश्रम पश्चात आइसिटी अवार्ड सफलतापूर्वक सम्पन्न गरेका छौं,' उनले भने, 'नयाँ नयाँ स्टार्टअप, आईडिया र इन्नोभेसनलाई प्रोत्साहन तथा अग्रजलाई सम्मान गर्ने हाम्रो अभियान निरन्तर जारी रहनेछ ।'

कार्यक्रमका प्रमुख अतिथि मुख्यसचिव बैरागीले आइसिटीको क्षेत्रमा केही फड्को मारेको तर गर्नुपर्ने धेरै रहेको बताए ।

'आईसिटी जीवन जिउने एउटा तरिका भइसकेको छ,' उनले भने, 'हरेक क्षेत्रमा आइसिटीले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । आइसिटीबाट देशको विकास गर्नुपर्छ ।'

त्यसैगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा। अर्यालले आइसिटी क्षेत्रको विकासका लागि आवश्यक सहयोग तथा सहकार्य गर्न मन्त्रालय सधैं तयार रहेको प्रतिवद्धता जनाए । आइसिटी अवार्डले नयाँ नयाँ इन्नोभेसनलाई प्रेरणा मिलेको बताउँदै आईएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले डिजिटल इकोसिस्टम विकास गर्न सरकारले पूर्वाधारमा लगानी गर्नुपर्ने बताए ।

त्यस्तै इन्फोडेभलपर्सका ग्रुप अध्यक्ष सञ्जिव राज भन्डारीले यस वर्ष आईसिटी अवार्ड ५५० बढीको आवेदन आउनु एकदमै राम्रो कुरा भएको बताए । नेपालले इन्टेलुक्चुअल पर्पटीमा पनि काम गर्नुपर्ने उनको भनाइ छ । यसैगरी काठमाडौं महानगरपालिकाकी उप मेयर सुनिला डंगोलले स्थानीय तह पनि अब डिजिटल रूपमा अगाडि बढ्न पर्ने बताइन् । काठमाडौं महानगरपालिका सोही अनुसार अगाडि बढेको समेत जानकारी दिइन् ।

प्रतिनिधि सभा सदस्य ठाकुर गैरेले डिजिटल पूर्वाधार विकासमा जोड दिनुपर्ने बताउँदै त्यसका लागि नीति निर्माण तहबाट आफुले पहल गर्ने बताए ।

त्यस्तै अवार्डका जुरी संयोजक हेमपाल श्रेष्ठले विभिन्न चरणको छलफल र छनौट पश्चात सर्वोत्कृष्ट विजेता छानिएको बताए ।

कार्यक्रमको समापन गर्दै सुस्मित ग्रुपका अध्यक्ष सुशिल पोखरेलले आइसिटी अवार्ड हरेक वर्ष उत्कृष्ट हुँदै गइरहेको जानकारी दिए ।

ग्राण्ड फिनाले कान्तिपुर टेलिभिजन, कान्तिपुर सिनेप्लेस, कान्तिपुर टिभीको एप तथा वेबसाइट र आइसिटी अवार्डको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण भएको थियो । त्यस्तै यसअघि कान्तिपुर टिभीबाट अवार्डका विशेष ४ श्रृखला समेत प्रसारण भएका थिए ।

यस वर्ष अवार्डका लागि ५५० बढीको अनलाइन आवेदन प्राप्त भएको थियो भने ५ महिनासम्म छनौट प्रक्रिया सञ्चालन भएको थियो । यस वर्ष १४ विधामा आइसिटी अवार्ड प्रदान गरिएको छ भने सातै प्रदेशका उत्कृष्ट ७ स्टार्टअपलाई समेत सम्मान र प्रमाणपत्र गरिएको छ ।

यस वर्षको ह्वावे स्टार्टअप आइसिटी अवार्ड मोनाल टेकलाई प्रदान गरिएको छ । त्यस्तै प्रडक्ट आइसिटी अवार्ड गल्ली म्याप्सलाई र राइजिङ स्टार इन्नोभेसन आइसिटी अवार्ड कारोबार एपलाई प्रदान गरिएको छ । स्टार्टअप, प्रडक्ट र राइजिङ स्टार विधामा विभिन्न चरणको छनोट पश्चात पब्लिक भोटिङ समेत गरिएको थियो ।

त्यस्तै व्यक्तिलाई प्रदान गरिने आन्टरप्रेनर आइसिटी अवार्ड मंगेशलाल श्रेष्ठ , नेपाली डायस्पोरा आइसिटी अवार्ड डा। वेद काफ्ले , नेपाल टेलिकम पायोनियर आइसिटी अवार्ड विजय कृष्ण श्रेष्ठ र एनसेल वुमन आइकन आइसिटी अवार्ड शिला कंसाकार कार्कीलाई प्रदान गरिएको छ । संस्थाहरूलाई प्रदान गरिने डिजिटल एजुकेशन आइसिटी अवार्ड ( पब्लिक सेक्टर) बाफलको ज्ञानोदय माध्यमिक विद्यालय, डिजिटल एजुकेशन आइसिटी अवार्ड (प्राइभेट सेक्टर) खोकनाको ज्ञानोदय बाल बाटिका स्कुल स्कुल, डिजिटल सर्भिसेस आइसिटी अवार्ड फोनपे र डिजिटल गभर्नेन्स आइसिटी अवार्ड वैदेशिक रोजगार विभागलाई दिइएको छ । यस्तै सबैभन्दा बढी पब्लिक भोट ल्याउने टिगलाई पब्लिक च्वाइस आइसिटी अवार्ड प्रदान गरिएको छ भने साउथ एशिया स्टार्टअप आइसिटी अवार्ड चिंगारीलाई प्रदान गरिएको छ । सार्क राष्ट्रका ५० बढी स्टार्टअपको प्रतिस्पर्धाबाट चिंगारीले अवार्ड हात पारेको हो ।

अवार्डको सिलसिलामा यस वर्ष स्टार्टअप एण्ड आईडिया फेस्ट, मेन्टरिङ सेसन, स्टोरी सेयरिङ सेसन, फिल्ड भिजिट, प्रिजेन्टेशन तथा स्पिड डेटिङहरू सञ्चालन भएका थिए ।

इन्फोडेभलपर्सले मुख्य प्रायोजन गरेको अवार्ड कार्यक्रममा ३० भन्दा बढी संस्थाहरूको सहकार्य रहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल दूरसञ्चार प्राधिकरण, नाष्ट, नेपाल उद्योग वाणिज्य महासंघ लगायतको सहकार्य रहेको कार्यक्रममा नेपाल टेलिकम र जेनेस सोलुसन इन एसोसिएसन प्रायोजकको रूपमा रहेका छन् ।

विश्वप्रसिद्ध कम्पनी ह्वावे र एससीटी स्मार्ट क्युआर पावर्ड बाईमा पार्टनरमा रहेका छन् । यसैगरी क्याटेगोरी पार्टनरमा एनसेल, ई(कमर्स पार्टनरमा दराज, पेमेन्ट पार्टनरमा आईएमई पे, बैंकिङ पार्टनरमा एनआईसी एशिया बैंक, इकोसिस्टम पार्टनरमा माइक्रोसफ्ट, इन्टरनेट पार्टनरमा डिशहोम फाइबरनेट, नलेज पार्टनरमा प्रेसिडेन्सियल कलेज, इम्स्योरेन्स पार्टनरमा आईएमई जनरल इन्स्योरेन्स रहेका छन् ।

त्यस्तै फिनोभेसन पार्टनरमा नेपाल क्लियरिङ हाउस, आईटी ट्रेनिङ पार्टनरमा ब्रोडवे इन्फोसिस, एडटेक पार्टनरमा वेद, एआई टेक पार्टनरमा फ्युज मेसिन्स, डेटा सेन्टर एण्ड क्लाउड पार्टनरमा सिल्भर लाइनिङ, गेमिङ पार्टनर यार्सा ल्याब्स, लर्निङ पार्टनर एम्बिसस गुरू, मोबिलिटी पार्टनर दराज, सेक्युरिटी पार्टनर एमिनेन्स वेज, ब्रोडकास्टिङ पार्टनर कान्तिपुर, एप पार्टनर हाम्रो पात्रो, टेक्नोलोजी पार्टनर टेक्नोरियो, इन्भेष्टमेन्ट पार्टनर बिजबेल रहेका छन् ।

अन्य सहयोगी संस्थामा नेपाल बैंक लिमिटेड, किंग्स कलेज, दूरशिक्षा, बारकोड नेपाल, स्प्यारो एसएमएस, नेपाल आन्टरप्रेनर्स हब, ब्रोडब्याण्ड र आइसिटी फाउन्डेसन नेपाल रहेका छन् ।

के के पाउँछन् अवार्ड विजेताले ?

नेपालको सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा आइसिटी अवार्ड प्राप्त गर्नु एउटा गौरवको विषय बन्दै आएको छ । यस वर्ष स्टार्टअप आइसिटी अवार्ड, प्रडक्ट आइसिटी अवार्ड, राइजिङ स्टार इन्नोभेसन आईसटी अवार्ड २०२२ का विजेताले माइक्रोसफ्ट र ह्वावेबाट क्लाउड सेवाको लागि लाखौं रुपैया बराबरको क्रेडिट पाएका छन् । नेपाल टेलिकमले सबै विजेतालाई एक वर्षको लागि हाई स्पिड इन्टरनेट सेवा दिएको छ भने एनसेलले वुमन आइकन आइसिटी अवार्ड विजेतालाई ३ लाख रूपैयाँ नगद दिएको छ ।

यसैगरी सिल्भर लाइनिङले डिजिटल सर्भिसेस विधामा विशेष सपोर्ट प्याकेज दिएको छ । अन्य स्पोन्सर तथा सहयोगी सस्थाहरुले विभिन्न किसिमले सेवाहरु निशुल्क प्रदान गरेका छन् । स्टार्टअप तथा प्रडक्टहरुको लागि लगानीको वातावरण बनाउन विभिन्न किसिमका नेटवर्किङ र मिटिङहरु सञ्चालन हुने छन् ।

अवार्ड विजेताको नाम

ह्वावे स्टार्टअप आइसिटी अवार्ड: मोनाल टेक प्रालि

प्रडक्ट आइसिटी अवार्ड: गल्ली म्याप्स

राइजिङ स्टार आइसिटी अवार्ड: कारोबार

डिजिटल एजुकेशन आइसिटी अवार्ड ( प्राइभेट सेक्टर) ज्ञानोदय बाल बाटिका स्कुल

डिजिटल एजुकेशन आइसिटी अवार्ड ( पब्लिक सेक्टर) ज्ञानोदय माध्यमिक विद्यालय

नेपाल टेलिकम पायोनियर आइसिटी अवार्ड: विजय कृष्ण श्रेष्ठ

आन्टरप्रेनर आइसिटी अवार्ड: मंगेशलाल श्रेष्ठ

नेपाली डायस्पोरा आइसिटी अवार्ड: डा। वेद काफ्ले

एनसेल वुमन आइकन आइसिटी अवार्ड: शिला कंसाकार कार्की

डिजिटल सर्भिसेस आइसिटी अवार्ड: फोनपे पेमेन्ट सर्भिसेस लिमिटेड

डिजिटल गभर्नेन्स आइसिटी अवार्ड: नागरिक एप

साउथ एशिया आइसिटी अवार्ड: टेक फोर बिलियन (चिंगारी)

पब्लिक च्वाइस आइसिटी अवार्ड: टिग

जुरी मेन्सन आइसिटी अवार्ड: दिक्षान्त पाण्डे (पाइथन भ्वाइस असिस्टेन्ट)

सातै प्रदेशका ७ उत्कृष्ट स्टार्टअप

गत चैतदेखि जेठसम्म लिभिङ विथ आइसिटीले सातै प्रदेशममा स्टार्टअप एण्ड आईडिया फेस्ट आयोजना गरेको थियो । देशैभरका स्टार्टअप तथा आईडियालाई प्रवर्द्धन र प्रोत्साहन गर्न आयोजना भएको उक्त कार्यक्रममा सातै प्रदेशका उत्कृष्ट स्टार्टअप छनौट गरिएको थियो ।

छनौट भएका स्टार्टअप तथा आईडियालाई काठमाडौं ल्याएर ३ दिने बुटक्याम्प सञ्चालन गरिएको थियो भने नेपालका केही ठूला आईटी कम्पनीको भिजट समेत गराइएको थियो । सातै प्रदेशबाट छनौट भएका ३५ बढी स्टार्टअप र आईडिया मध्येबाट प्रत्येक प्रदेशका सर्वोत्कृष्ट छनोट गरिएको छ ।

यस अनुसार प्रदेश १ बाट क्युरा हेल्थ, मधेश प्रदेशबाट इजिइट्स, बागमती प्रदेशबाट नलेज एक्सचेन्ज, गण्डकी प्रदेशबाट स्वस्तिक ग्रुप ( स्वस्तिक न्युट्री फुड) लुम्बिनी प्रदेशबाट फरिद डटकम, कर्णाली प्रदेशबाट सुर्खेत सफ्ट र सुदूरपश्चिम प्रदेशबाट पाथिभरा सेन्सर सोलुसन उद्योगलाई प्रदेशका उत्कृष्ट स्टार्टअपको रूपमा सम्मान गरिएको छ ।




# खेलकुद

## हिक्मत, लक्ष्मी र नारायणलाई मेयर कप साइकल दौडको उपाधि

कास्की - पोखरामा आयोजित ५० किलोमिटर दोस्रो मेयर कप साइकल दौड प्रतियोगिताको उपाधि पुरुषतर्फ हिक्मत विकले जितेका छन् । हिक्मतले तीन घण्टा १२ मिनेटमा निर्धारित दुरी पूरा गरे । सन्दीप सुन्धौलीले तीन घण्टा २८ मिनेट ३४ सेकेन्डमा पूरा गर्दै दोस्रो भए । त्यसैगरी सुमित गुरुङले तीन घण्टा ४८ मिनेट ०९ सेकेन्डमा पूरा गर्दै तेस्रो भए ।महिलातर्फको यही प्रतियोगितामा लक्ष्मी मगरले उपाधि जितिन् । उनले निर्धारित दुरी तीन घण्टा ३९ मिनेट ४९ सेकेन्डमा पूरा गर्दा अन्य दुई खेलाडीले भने दुरी पूरा गर्न सकेनन् । सुधा राई दोस्रो स्थानमा रहँदा सोफिया विश्वकर्मा तेस्रो भइन् ।

त्यसैगरी ४० वर्षमाथिको उमेर समूहको प्रतिस्पर्धामा नारायण मानन्धरले तीन घण्टा ५१ मिनेट १६ सेकेन्डमा दुरी पूरा गर्दै मास्टर्सको उपाधि जिते । चार घण्टा एक मिनेट २५ सेकेन्डमा दुरी पूरा गर्दै देवबहादुर बोहोरा दोस्रो स्थानमा रहँदा पाँच घण्टा आठ मिनेट २७ सेकेण्डमा दुरी पूरा गर्दै बाबुराम




विश्वकर्मा तेस्रो भए । कमल गुरुङ र जाम्फेल ढुण्डुपले सान्त्वना पुरस्कार जिते । प्रतियोगितामा महिलातर्फ तीन जनाले सहभागिता जनाएका थिए । पुरुषतर्फको प्रतिस्पर्धामा १८ जना र मास्टर्स (४० वर्षमाथिको) उमेर समूहमा छ जनाले सहभागिता जनाएका थिए । महिला तथा पुरुष विजेतालाई नगद ३०/३० हजार रुपैयाँ प्रदान गरिएको छ । दोस्रो हुनेलाई २० हजार र तेस्रो हुनेलाई १० हजार रुपैयाँ प्रदान गरिएको छ । मास्टर्सतर्फको विजेताले क्रमशः १०, सात र पाँच हजार रुपैयाँ पाउँदा सान्त्वना पुरस्कार जित्नेले पाँच/पाँच हजार रुपैयाँ प्राप्त गरे । विजेता खेलाडीलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पोखरा महानगर खेलकुद कमिटिका अध्यक्ष दीपक गोदारलगायतले पुरस्कार वितरण गर्नुभयो । पोखरा-२१ कमेरेबाट सुरु भएको दौड मट्टिखान हुँदै विभिन्न ठाउँ घुमेर कमेरेमै आएर टुङ्गिएको थियो । यो प्रतियोगिता पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा साइक्लिङ सङ्घ कास्कीको प्राविधिक सहयोग र साइकल सिटीको समन्वयमा भएको हो ।

## फुटबलका अन्जन र भारोत्तोलनका कमल सम्मानित

काठमाडौं । राष्ट्रिय फुटबल टिमका स्ट्राइकर अन्जन विष्ट र भारोत्तोलनका भेट्रान खेलाडी साग स्वर्ण विजेता कमलबहादुर अधिकारी सम्मानित भएका छन् । छत्रबहादुर थापा स्मृति प्रतिष्ठानले शुक्रबार अन्जन र कमललाई नगदसहित सम्मान गरेको हो । दुवै खेलाडीले जनही नगद ५० हजार रुपैयाँ पुरस्कार पाए । उनीहरु दुवैलाई प्रधानसेनापति प्रभुराम शर्माले सम्मान गरेका हुन् । नेपाली सेनाका अवकासप्राप्त रथी नेत्रबहादुर थापा, राप्रपा नेपालका अध्यक्ष कमल थापा र अखिल नेपाल फुटबल संघ एन्फाका पूर्वअध्यक्ष गणेश



थापाका पिता छत्रबहादुरको स्मृतिमा स्थापित प्रतिष्ठानले चार वर्षदेखि खेलाडीलाई सम्मान गर्दै आएको छ । यो सम्मानबाट यसअघि राष्ट्रिय टिमका स्ट्राइकर नवयुग श्रेष्ठ सम्मानित भइसकेका छन् । नेपाली राष्ट्रिय टोलीमा नियमित सदस्य अन्जनले ११ अन्तर्राष्ट्रिय गोल गरिसकेका छन् । नेपालले १२औं दशौं दक्षिण एसियाली खेलकुद (साग), बंगबन्धु कप र एएफसी सोलिडारिटी कप अन्जन टिमका मुख्य खेलाडी थिए । कमलले सन् २००६ कोलम्बोमा आयोजना भएको दशौं सागमा नेपालका लागिस्वर्ण पदक जितेका थिए । त्रिभुवन आर्मी क्लबका कमल दुई दशकदेखि भारोत्तोलन खेलाडीका रुपमा सक्रिय छन् ।

## टि ट्वान्टी क्रिकेट लिग : फार वेस्ट युनाइटेड विजयी

काठमाडौं । राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि ट्वान्टी क्रिकेट लिगमा फार वेस्ट युनाइटेड विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको पहिलो खेलमा फार वेस्टले काठमाडौं नाइटसलाई चार विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । यसअघि भएको पहिलो खेलमा फार वेस्ट लुम्बिनी अल स्टार्ससगँ ६७ रनले पराजित भएको थियो । काठमाडौंले दिएको ९९ रनको लक्ष्य फार वेस्टले १९ दशमलव एक ओभरमा छ विकेट गुमाएर पूरा गऱ्यो । फार वेस्टको जितमा कप्तान हस्मतुल्लाह साहिदीले अविजित ५० रनको योगदान दिए । उनले ४९ बल खेल्दै दुई छक्का र तीन चौकाको मद्दतमा ५० रन जोडेका हुन् । त्यसैगरी देव खनालले १७ रन जोड्दा भीम सार्कीले ११ रन बनाए । विनोद भण्डारीले चार तथा उमर अलीले एक रन जोडे ।

बाँकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# स्रष्टा र सिर्जना : माधवानन्दको जीवन यात्रा



**तेज प्रकाश बानिया**
**पूर्व साहायक रथी नेपाली सेना**

१.साहित्यकार माधव प्रसाद उपाध्याय रिजाल (माधवानन्द) को जन्म वि. सं २००९ मांर्ग महिना माहालको ठेगाना अनुसार जनकनन्दनी गाउँपालिका, वडा नं ४ धनुषा, जनकपुरमा भएको हो । पिता बैजनाथ उपाध्याय र माता विष्णुकुमारी उपाध्यायको दुइ छोरी र एक छोरा पछि चौथो सन्ततिको रूपमा जन्मनु भएका माधवानन्दको बाल्यकाल माता पिताका साथ घरैमा बित्यो ।सावा अक्षर चिनेपछि गाउँको अपर प्राथमिक स्कूलमा भर्ना भएर ३ कक्षासम्मँ अध्यन गरी ४ कक्षादेखि जनकनन्दनी माध्यमिक विद्यालयमा अध्ययन गरी एसएलसी उत्तीर्ण गर्नुभयो ।

२.एसएलसी पछि परीक्षाफल प्रकाशित नहोउन्जेल ३ महिना मालपोत कार्यालय, जलेश्वरमा अस्थाई मुखिया पदमा जागीर खाएर केही अनुभव पनि बटुल्नु भयो । ३ महिना पछि परीक्षाफल पनि प्रकाशित भयो । उहाँ उत्तीर्ण हुनुभएछ । बेलावखत घरायसी काम हेरचाह गर्नुपर्ने वाध्यताले गर्दा कलेज जान अनुकुल मिलेन । त्यसैताक रेलवेमा विभिन्नपदका केही कर्मचारी माग भयो । त्यसमा उहाँले पनि क्लर्क पदमा निवेदन दिनुभयो र परीक्षामा पास भई,स्टोर शाखामा कामगर्न थाल्नु भयो । एकदिन समय मिलाएर, हाकिम सँग आफूलाई पढ्न सारै मन भएको तर परिस्थिति नमिलेको बारे सबै बताउनुभयो । तत्पश्चात हाकिमसँग प्रवन्धकको कार्यालय जयनगरमा सरुवा हुनु भयो । माधवानन्दले साँझ बिहान समय मिलाएर जयनगरमा कलेज अध्ययन गरीबिहार ईन्टरमिडियट काउन्सिल बाट आइए उत्तीर्ण गर्नुभयो । सोही बखत वि.सं २०३७ असार १२ गतेको शुभलग्नमा धनुषा लक्ष्मीपुर निवासी स्व श्यामप्रसाद न्यौपानेकी सुपुत्री सुश्री बिन्दुकुमारी न्यौपाने सँग बिबाह बन्दनमा बाधिनु भयो ।यसरी जागीरको कममा २०२९ सालमा जनकपुरबाट शुरूगरी,जयनगर, बिरगञ्ज,नेपाल यातायात संस्थान र कलकत्ता ८ वर्ष हुदै २८ वर्ष नोकरी गरी २०५७ सालबाट निबृत्त हुनुभयो ।


३.धार्मिक एवम् सामाजिक सेवा सम्वन्मा भन्नुपर्दा उहाँ अत्यन्त सामाजिक र धार्मिक आस्थावान व्यक्ति हुनुहुन्छ । यस पुस्तकको आरम्भमा जगतगुरु बन्देभन्नै शव्दहरूबाट श्री गणेश गर्नु भएको छ । बडो परिश्रमका साथ धार्मिक ग्रन्थहरू अध्ययन गरी सन्त वाणी एवम् ब्रह्म सत्य जगत मिथ्याको हिसावले यो भौतिक जीव जगतलाई सपना नै भनेर यो पुस्तकमा उल्लेख गर्नुभएको छ । उहाँका धेरैजसो लेख रचनाहरू कतै न कतै बाट धर्म र समाजसँग सम्बन्धित हुन्छन् । उहाँले धर्म र समाजमा गर्नु भएका झिना मसिना काम बाहेक मुख्य कामबारे यसै पुस्तकको पछाडि कभरमा दिएको आवद्धताबाट पनि बुझ्न सकिन्छ ।

४.साहित्य लेखन सम्बन्धमा भन्नु पर्दा उहाँलाई साहित्यको महत्व अलिकति बुझ्ने भएदेखि नै आफूले पनि लेख्न सके हुन्थ्यो भन्ने लाग्थ्यो । स्कूल तहदेखि नै पत्रपत्रिकामा प्रकाशित कविता, बालकथा चुट्किला आदि पुस्तक हात परे लुकेर पढ्न निकै मन पर्थ्यो । कक्षामा अलि कमजोर विद्यार्थी भएकोले, कक्षाको पुस्तक बाहेक अरू किताव पढ्दा घरमा गाली खाने डरले लुकेर पढ्नु वाध्यता थियो । तर ,७/८ कक्षादेखि नै कविता कोर्ने र पढ्ने फयाक्ने गर्न थाल्नु भयो । लेख्ने तिब्र इच्छा भएर पनि जागीरको अवधि भर लेख्नु भएन ।

५.जागीर पछि लेख्न थालेर पनि यो उहाँ को छैटौ प्रकाशित कृति हो । यस अगाडि कविता संग्रह, आध्यात्मिक लेख, म कोपिला, आध्यात्म सुसेली र श्रीमदभागवत् गीतासार समेत ५ गोटा पुस्तक प्रकाशित भइसकेका छन् ।

६.यो जीवन यात्रा शीर्षक पुस्तकमा लेखकले जन्मेदेखि हालसम्म जीवनको भौगाइमा आइपरेका आरोह अवरोह घटना परिघटना सबै समेटेर बडो मेहेनतका साथ यो पुस्तक तयार पार्नु भएको छ । नेपालदेखि अमेरिका सम्मको यात्रा वर्णन गर्नु भएको छ । अमेरिकामा नेपालीहरूले मनाउने चाड पर्व, अमेरिकामा लेखकहरु पुगेपछि परिवार मिलेर मनाएका पर्व, घुमघाम लगायत अरू कामहरू पाठकलाई बुझाउनु भएको छ । यतिमात्र नभई धेरै व्यवहारिक कुराहरू पनि समेटनु भएको छ । घत लाग्ने कुरा त के भने, भारतमा मोदी प्रधानमन्त्री भएर नेपालको पहिलो भ्रमण गर्दा मोदीजिले संसदमा सम्वोधन गरी देखाउनु भएको आत्मियता प्रति लेखकले मोदीजि र ऋषिमनू कविताबाट आशंका राख्नु भएकौ थियो, जुन कुरा पछि सत्य सावित भयो ।

७.समग्रमा भन्नु पर्दा लेखकको चिन्तन मनन तथा लेखाइमा आफ्नो मातृभूमि र राष्ट्रियतालाई आत्मसात् गरी प्रस्तुत हुने गर्नुभएको दृष्टान्तहरू पुस्तकमा पढ्न पाइन्छ । त्यस्तै अरू पनि यस्ता उदाहरणधेरैछन् । नेपालमा सरकार बनाए पछि, टिकाउनका लागि गरिने अनेक तिकडम समेत यसमा ब्यक्त गर्नु भएको छ । तसर्थ यो पुस्तक सबैका लागि पठनीय छ । भविष्यमा पनि यस्ता समाज उपयोगी पुस्तकहरू लेख्ने प्रेरणा लेखकलाई मिलोस भन्ने कामनाका साथ आजलाई यत्ति ।




# प्रजातन्त्र सेनानी चित्रकारको पुण्य तिथिमा ह्वील चियर र स्टेचर हस्तान्तर

काठमाडौं । प्रजातन्त्र सेनानी स्व. कमल चित्रकारको १३ औं दिनको पुण्य तिथिका अबसरमा ह्वील चेयर र स्टेचर हस्तान्तरण गरिएको छ । तेह्रौं पुण्य तिथीका अबसरमा आयोजित श्रद्धाञ्जली सभाको अवसरमा ह्वील चियर र स्टेचर हस्तान्तरण गरिएको हो ।

प्रदिप्त पुस्तकालयका संरक्षक तेजबहादुर चित्रकार अध्यक्षतामा शनिबार सम्पन्न श्रद्धाञ्जलीसभामा मछिन्द्र क्लबका अध्यक्ष सुनिल कपालीलाई ह्वील चेयर हस्तान्तरण गरिएको हो ।

काठमाडौं मासँगल्ली २५ वडास्थित प्रदिप्त पुस्तकालयको भवनमा भएको श्रद्धाञ्जली सभामा काठमाडौं क्षेत्र नम्वर ८ का सांसद विराजभक्त श्रेष्ठले स्वर्गिय चित्रकारले सामाजिक कार्य र सांस्कृतिक सम्पदाको संरक्षणमा पर्याउनु भएको योगदानको खुलेर प्रसंसा गरेका थिए । चित्रकारको राजनीतिक बाटोलाई पछ्याउँदै आफू यहाँसम्म आउन सफल भएको संसाद श्रेष्ठले सभामा सुनाए ।

त्यसै गरी नेपाली कांग्रेस काठमाडौं महानगर समितिका सभापति निलकाजी शाक्यले समाजसेवी चित्रकारलाई गुमाउँदा समाजलाई ठूलो क्षती पुगेको बताए । काठमाडौंको इन्द्रचोक बहालमा सानो गल्ली त्यसैमाथि सामान किन्नेको भिडले एम्बुलेन्स सजिलै आउन नसक्नेभएपछि विरामीहरुलाई ह्वील चेयर र स्टेचरमा राखेर सजिलैसँगै छिटो अस्पताल पुर्याई उपचार होस् भन्ने हेतुले सहयोग गरिएको परिवारले जनाएका छन् । श्रद्धाञ्जली सभामा कामनापा वडा नं. २५ का अध्यक्ष राजेश डंगोल, प्रजातन्त्र सेनाली संघका अध्यक्ष उत्तमलाल श्रेष्ठलगायत कार्यकर्ताहरुको सहभागिता थियो । सभामा उपस्थित सवैले स्वर्गिय चित्रकारको तस्विर सामू पुष्प गुच्छ अर्पण गरेका थिए । चित्रकारको मंसिर २६ गते निधन भएको थियो । चित्रकार प्रदिप्त पुस्तकालयका भूपू अध्यक्ष तथा वर्तमान संरक्षक समेत थिए । उनी महानगरपालिकाको पूर्वप्रधान पञ्च समेत हुन् । चित्रकारले मुलुकको प्रजातान्त्रिक आन्दोलन र सामाजिक रुपान्तरणमा योगदान पुर्याएका छन् ।



## बागलुङ नगरपालिकालाई ५८ करोड अनुदान

गलकोट । विश्व बैंकले नेपाल सरकारलाई उपलब्ध गराएको ऋणबाट बागलुङ नगरपालिकाले चारवटा सडक कालोपत्र गर्न अनुदान पाउने भएको छ । उक्त बैंकले उपलब्ध गराएको ऋणमध्ये नेपाल सरकारले यहाँको भौतिक पूर्वाधार विकासका लागि रु ५८ करोड अनुदान स्वरुप दिने भएको हो ।

“नेपाल सरकारलाई विश्व बैंक मार्फत आएको ऋण यहाँको भौतिक पूर्वाधार निर्माणका लागि अनुदान स्वरुप आएको छ, अनुदान सम्झौता गत वर्ष नै भइ सकेको हो” नगर उपप्रमुख राजु खड्काले भन्नु भयो, “नगर पालिकाको कार्यपालिकाले यसबाट नगरका चार सडक कालोपत्र गर्ने निर्णय गरेको छ, बजेट बाँकी रहे अन्य क्षेत्रमा समेत पूर्वाधार निर्माण गर्न सकिन्छ ।

# टाटाको मेगा सर्भिस क्याम्प पौष १० देखि १२ सम्म

काठमाडौ । टाटा मोटरसको नेपालस्थित आधिकारिक विक्रेता सिप्रदी ट्रेडिंगले यही पौष १० देखि १२ सम्म आफ्ना १२ वटा विभिन्न ग्राहक सेवा केन्द्रहरुमा मेगा सर्भिस क्याम्पको आयोजना गर्ने भएको छ ।

ती केन्द्रहरुमध्ये ३ वटा काठमाण्डौ उपत्यकाका बागडोल, बालकुमारी र सोल्टीमोडमा अवस्थित छन्। त्यसैगरी , बाँकी ९ वटा उपत्यका बाहिरका स्थानहरु पोखरा, इटहरी , मेची, बिरगंज , ढल्केबार , हेटौडा , धनगढी , नेपालगंजमा रहेको काम्पनीले उल्लेख गरेका छ ।

उक्त क्याम्पमा टाटाका पेसेन्जर श्रेणीका गाडीहरुको अत्यन्त प्रभावकारी ढंगले आवश्यक जाँच गरिने छ र त्यस्तो जाँच गराउदा गाडी धनीहरुले विभिन्न आकर्षक छुट एवं अन्य सुविधाहरु प्राप्त गर्न सक्नेछन।

म्याक लुब्रिकेंट, एक्साइड ब्याट्री र स्पेयर पार्ट्सको खरिदमा क्रमशः १८, १५ र १८ प्रतिशत छुट लगायत टप वाशिंग , कम्प्युटर डायग्नोसिस , सस्पेन्सन चेकअप , ब्याट्री र इलेक्ट्रिकल चेक अपको सुविधा पनि निःशुल्क प्रदान गरिने उल्लेख छ। त्यसको अतिरिक्त क्याम्पमा संजीवनी इन्जिन प्याकेज अन्तर्गतको रु .४ हजार नगद फिर्ताको पनि व्यवस्था गरिएको कम्पनीले सार्वजनिक गरेको नोटमा उल्लेख छ ।

हाल नेपालमा टाटाका पेसेन्जरू श्रेणीका गाडीहरु बजार द्रुत गतिमा विस्तार भइरहेको छ । यसै सन्दर्भमा यस्ता गाडीहरुको ग्राहकहरुलाई उत्कृष्ट भन्दा उत्कृष्ट तवरले सेवा प्रदान गर्ने मुख्य उद्देश्यसहित मेगा सर्भिस क्याम्पको आयोजना गर्न लागेको कम्पनी बताउछ ।




# सुनरा ईभीको इलेक्ट्रिक स्कुटर रोबो-एस नेपाली बजारमा भित्रिदै

काठमाडौं । चीनको प्रतिष्ठित इलेक्ट्रिक सवारी निर्माता कम्पनी सुनरा ईभी (क्ालचब भख) का इलेक्ट्रिक स्कुटर नेपाली बजारमा उपलब्ध हुने भएका छन् । नेपाली बजारमा हाल बेनेलीका मोटरसाइकल तथा स्कुटर बिक्री-वितरण गरिरहेको केटीएम इन्टरनेसनल ट्रेडिङले सुनराको इलेक्ट्रिक स्कुटर रोबो-एस भित्र्याउने बताएको छ ।



रोबो-एसको क्लिन एन्ड स्मुथ डिजाइनले धेरैलाई लोभ्याउने अनुमान गरिएको छ । यसमा भएको इन्टिग्रेटेड एलईडी टेललाइट, ५ भोल्ट यूएसबी सेलफोन चार्जिङ, रिट्र्याक्टेबल फुटरेस्ट आदिले यात्रालाई सहज बनाउछ ।

क्रुज कन्ट्रोल प्रविधि तथा रिभर्स मोड समेत भएको यो स्कुटरमा थ्री स्पिड मोड रहेको छ । यसमा भएको वान टच स्टार्ट प्रविधिको सहयोगले टच गरेरै स्कुटर स्टार्ट गर्न सकिन्छ । अघिल्लो भागमा भएको डिजिटल इन्स्ट्रयुमेन्ट प्यानलमा विभिन्न जानकारी उपलब्ध हुन्छ ।

यो स्कुटरले प्रदान गर्ने २३० एनएम पिक टर्क र ७५ किलोमिटर प्रतिघण्टाको टप स्पिडले एकनास र स्मुथ खालको यात्रा अनुभव गराउछ भने कम्बाइन्ड ब्रेक सिस्टमले सुरक्षा प्रदान गर्छ । सुनरा रोबो-एस इलेक्ट्रिक स्कुटरमा ७२ भोल्ट २० एम्पियर आवरको डबल ब्याट्री प्रयोग गर्न सकिन्छ र यसले सिंगल चार्जमा १३५ किलोमिटर सम्मको रेन्ज दिन्छ । यसमा ३ हजार वाटको सुनरा मोटर रहेको छ । यो स्कुटरको मूल्य नेपाली बजारमा ३ लाख ८० हजार रुपैयाँको हाराहारी हुने अनुमान गरिएको छ । आगामी फेब्रुअरी महिना सम्ममा यो स्कुटर नेपाली बजारमा उपलब्ध हुने कम्पनी स्रोतको भनाइ छ ।

# जनरल मोटर्सलाई पछि पार्दै हुन्डाई वन्यो विश्वको तेस्रो ठूलो अटो उत्पादक

कोरियन अटो निर्माता हुन्डाई विश्वको तेस्रो ठूलो अटो उत्पादक वनेको छ । हुन्डाईले अमेरिकन अटो निर्माता जनरल मोटर्स र स्टालान्टिसलाई पछि पार्दै पहिलो पटक विश्वको तेस्रो ठूलो अटो उत्पादक वनेको हो । हुन्डाई भन्दा अगाडी अव टोयोटा र फक्स्वागन मात्र रहेका छन् । हुन्डाईले ५५ वर्षअघि कोरियाबाट सवारी साधन उत्पादन थालेको थियो ।




सन् २०२१ मा उत्पादन भई बिक्री भएको कुल सवारीसाधनको संख्यालाई आधार मान्दा हुन्डाइले यस्तो उपलव्धी हाँसिल गरेको हो । सो वर्ष हुन्डाइले कुल ६६ लाख सवारीसाधन बिक्री गर्दा पहिलो स्थानमा रहेको टोयोटाले १ करोड ५ लाख र फक्सवागनले ८९ लाख सवारीसाधन बिक्री गरेका थिए ।

यो वर्ष कम्पनीको बिक्री अझै बृद्धि हुने अनुमान लगाइएको छ । जसका कारण पहिलो र दोस्रो स्थानमा रहेको टोयोटा र फक्सवागनसंगको दुरी अझै कम हुने र अहिलेकै रफ्तार कायम रहिरहे सन् २०२३ पछि फक्सवागनलाई पछि पार्दै दोस्रो स्थानमा उक्लन सक्ने आँकलन गरिएको छ । यो वर्ष कम्पनीको आम्दानी २१ प्रतिशतले बृद्धि हुने आँकलन गरिएको छ ।

हुन्डाई मोटर्सका उत्पादनको माग उत्तर अमेरिकी मुलकमा बृद्धि भएपछि यस्तो उपलब्धी हाँसिल गर्न सफल भएको हो । अघिल्लो वर्ष अमेरिका, क्यानाडा र मेक्सिकोमा मात्र कम्पनीले कुल बिक्रीको २१ प्रतिशत हिस्सा बिक्री गरेको थियो । न्यू इनर्जी भेइकलमा समेत अर्वौ डलर लागनी गर्ने घोषणा गरेको हुन्डाइको आगामी दिनमा बिक्री अझै वढेर जाने निश्चित प्राय वनेको छ ।

# सिंगल चार्जमा १६० किमि चलाउन मिल्ने ओकिनवा नयाँ स्कुटर, यस्तो छ मूल्य

काठमाडौं । ओकिनवा इलेक्ट्रीकको नयाँ स्कुटर नेपालमा सार्वजनिक भएको छ । कम्पनीले ओकिनवा ओकी९० इलेक्ट्रीक स्कुटरको विक्री सुरु गरेको हो ।

ओकिनवा इलेक्ट्रीक स्कुटरको आधिकारीक विक्रेता विक्की इन्टरप्राइजेजले ओकी ९० स्कुटर विक्री सुरु गरेको हो ।

कम्पनीले ४ लाख रुपैयाँ मूल्य निर्धारण गरेर विक्री सुरु गरेको यो स्कुटरले एकपटकको फुलचार्जमा १६० किलोमिटर रेन्ज दिने कम्पनीको दावी छ ।

ओकिनवा ओकी ९० मा ३.८ किलोवाट पिक पावर क्षमताको सेन्टर मोटर रहेको छ । यो स्कुटरमा ३.६ किलोवाट क्षमताको रिमुभएवल लिथियम आयन ब्याट्री उपलब्ध छ । पर्फमेन्स स्कुटरको रुपमा यो स्कुटरको टप स्पीड ९० किलोमिटर प्रतिघन्टा रहेको छ । यो स्कुटरमा दुबै चक्कामा डिस्क ब्रेक दिइएको छ । यस स्कुटरमा सेग्मेन्टकै पहिलो ४० लिटर क्षमताको बुट स्पेश रहेको कम्पनीको दावी छ । आकर्षक १७५ एमएमको ग्राउन्ड क्लियरेन्स रहेको स्कुटर रातो, कालो, निलो र सेतो गरी ४ कलरमा उपलब्ध छ ।

ओकी ९० मा मल्टी एलइडी हेडल्याम्प, एलइडी डिआरएल, किलेस स्टार्ट, एन्टि थेफ्ट अर्लाम, यूएसबी पोर्ट, साइड स्ट्याण्ड सेन्सर जस्ता फिचर्स उपलब्ध रहेको छ ।

वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

० आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं
० आधिकारिक कागजात नहुँदा वैदेशिक रोजगारीमा जाने कामदार हरुलेः
- करारबमोजिम काम र सुविधा नपाउने,
- विदेशी भूमिमा पीडित बन्नुपर्ने,
- स्वदेश फर्कन कठिनाई हुने,
- कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
- ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा घमला, ९८६१५८८४५६,९८६९५२८१०८ ,कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस